# स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

आ.व. २०७८/७९ – ०८७/०८८

# वीरेन्द्रनगर नगरपालिका

वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

२०७९

निर्माण निर्देशिका :
स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

प्रकाशक:

नगर विपद् व्यवस्थापन समिति , वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

दस्तावेज : स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

सर्वाधिकार:

© वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

प्रथम प्रकाशन:
२०७९ भाद्र

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोग:**

USAID
अमेरिकी जनताबाट

यो योजनाको तयारी वीरेन्द्रनगर नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समिति संगको सहकार्यमा तथा अमेरिकी सहयोग नियोग (USAID) को तयार नेपाल (विपद् जोखिम व्यवस्थापन परियोजना) को आर्थिक तथा प्रविधिक सहयोगमा तयार गरिएको हो । यस कार्ययोजना भित्रका विषयवस्तु र सामग्री वीरेन्द्रनगर नगरपालिकाका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

# वीरेन्द्रनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर, सुर्खेत

### दुई शब्द

चुरे पर्वत र महाभारत पहाडको बीचमा रहेको सुर्खेत उपत्यकामा अवस्थित वीरेन्द्रनगर नगरपालिकाको २४५ वर्ग किमि क्षेत्रफलमा एक लाख १५ हजार जनसंख्या बसोबास गर्दछन। यो नगरपालिका कर्णाली प्रदेशको राजधानी नगर मात्र नभई कर्णाली प्रदेशका पहाडी र हिमाली जिल्लाहरुलाई जोड्ने कर्णाली र भेरी राजमार्गको निर्माणसँगै कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा विकास भईरहेको छ। प्रदेशको राजधानी र प्रवेशद्धारको परिचयसँगै वीरेन्द्रनगरको विस्तार र शहरीकरण तीब्र रुपमा भइरहेको छ । यो नगरपालिका बाढी, पहिरो, आगलागी, चट्याङ, डुवान, आँधी, खडेरी, असिना, भूक्षय र भूकम्प जस्ता बहु(प्रकोपको उच्च जोखिममा छ भने बढ्दो जनसंख्या र शहरीकरणसँगै नगरको विपद् जोखिममा पनि बृद्धि भइरहेको छ। नेपालको संविधान, २०७२ ले विपद् व्यवस्थापनलाई तीनवटै तहको सरकारको साझा अधिकारको सूचीमा राखेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा वीरेन्द्रनगर नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ ले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी काम कर्तब्य र अधिकार तथा अन्य कानूनी प्रबन्ध गरेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तथा विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० ले राखेको दीर्घकालीन सोंच तथा लक्ष्य हासिल गर्न समेत सहयोग पुग्ने गरि यस नगरको विपद् जोखिमलाई दीर्घकालीन र योजनावद्ध रुपमा न्यूनीकरण गर्न वीरेन्द्रनगर नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको मिति २०७९ भाद्र २३ गतेको नियमानुसार पारित गर्दै स्थानीय विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना २०२२-२०३० (२०७८/७९ – ०८७/०८८) तयार गरिएको हो ।

यस विपद् जोखिम न्यूनीकरण स्थानीय नीति तथा रणनीतिक कार्ययोजनाको उद्देश्य नगरमा विपद्बाट हुने मानवीय क्षति तथा प्रभावितहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने आर्थिक क्षति कम गर्ने तथा संवेदनशील पूर्वाधारहरुको क्षति तथा अबरुद्धता कम गर्दै जोखिम सूसुचित विकासका अभ्यास मार्फत विकास निर्माणका प्रयासहरुलाई दिगो बनाउनु हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिले नगरपालिकालाई सुरक्षित र विपद् उत्थानशील नगरको रुपमा विकास गर्नको लागि दीर्घकालीन र रणनीतिक मार्गदर्शन गरेको छ भने रणनीतिक कार्ययोजनाले स्पष्ट लक्ष्य र उद्देश्यका साथ प्राथमिकता प्राप्त क्षेत्र, प्राथमिकता प्राप्त कार्य र रणनीतिक क्रियाकलापहरु निर्धारण गरि यस नगरपालिकालाई सन २०३० सम्ममा विपद्बाट सुरक्षित र उत्थानशील नगरको रुपमा विकास गर्ने लक्ष्य लिएको छ।

यस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने क्रममा प्राविधिक तथा विज्ञ सहयोगको लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, बृहत्तर विपद् व्यवस्थापन कार्यक्रम र विज्ञ तिबेन्द्रराज बाँस्कोटालाई हार्दिक धन्यवाद दिन चाहन्छु। विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनितिक कार्ययोजना लाई प्राविधिक सहयोग पुरयाउने युएसएआईडि तयार नेपालको विपद जोखिम व्यवस्थापन परीयोजना र फिल्ड सयोजक राजेश शोनी साथै कार्ययोजनालाई अन्तिम रुप दिई विभिन्न स्तरमा छलफल गरी तयार गर्न सहयोग पुरयाउने वातावरण तथा विपद व्यवस्थापन समिति र सयोजक श्री खिमलाल देवकोटा र सदस्य सचिव प्रकाश पौडेल लाई हार्दिक आभार सहित धन्यवाद दिन चाहन्छु। विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनितिक कार्ययोजना लाई आगामि दिनमा नगरपालिकाको आफ्नो नियमित र आवधिक योजना तथा कार्यक्रम तर्जुमाको लागि मार्गदर्शकको रुपमा लिएर कार्यान्वयनमा लगिनेछ। प्रदेश र संघीय सरकारसँगको समन्वय र विकास साझेदार संस्था तथा निजी क्षेत्रसँगको सहकार्यले यसको प्रभावकारी कार्यान्वय गरि निर्दिष्ट लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु।

मोहनमाया ढकाल  
नगर प्रमुख  
वीरेन्द्रनगर नगरपालिका

# विषय सूची

Table of Contents

**नगरपालिकाको शुभकामना** २
परिच्छेदः एक ५
१. पृष्ठभूमि **५**
१.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्यः ५
१.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य ६
१.३ सुर्खेत जिल्लाको विपद् जोखिमको परिदृष्य ८
१.४ विपद् जोखिमको स्थानीय अवस्था ९
परिच्छेदः दूई **१०**
**२. विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था** **१०**
२.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु १०
२.१.१. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३० १०
२.१.२. दिगो विकास लक्ष्य सन् २०१५–२०३० १०
२.१.३ पेरिस सम्झौता २०१५ १०
२.१.४ नयाँ शहरी एजेण्डा २०१६ १०
२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना ११
२.२.१. नेपालको संविधान २०७२ ११
२.२.२.विपद् जोखिम न्यूनीकरण नीति २०७५ ११
२.२.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ११
२.२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० १२
२.२.५. नेपालको दिगो विकास लक्ष्यहरु १२
२.२.६.प्रादेशिक कानून, नीति तथा कार्ययोजना १२
२.२.७.विपद् जोखिम न्युनिकरणको लागी वीरेन्द्रनगर नगरपालिकाले गरेको स्थानीय अभ्यास १३
२.३ प्रकोपको जोखिम विश्लेषण १६
२.३.१ विगतमा विपद्को प्रभाव (ऐतिहासिक समय रेखा विश्लेषण) १४
२.३.२. वीरेन्द्रनगर नगरपालिकामा गरीएको प्रकोप स्तरीकरण १५
२.३.३. वीरेन्द्रनगर नगरपालिकाका मुख्य भूउपयोग क्षेत्रमा बहुप्रकोपिय जोखिमको सम्भावना १५
२.३.४. वीरेन्द्रनगर नगरपालिकामा विपद्को एतिहासिक अवस्था १६
**परिच्छेदः तीन** २१
**विपद् जोखिम न्यूनीकरण स्थानीय निति** २१
३.१ परिचयः २१
३.२ सोच , अपेक्षित परिणाम, उद्देश्य , लक्ष्य, अवधारणा र निति तथा रणनितिहरु २१
३.२.१ सोच २१
३.२.२ लक्ष्यं : २१
३.२.३.उद्देश्य् २१
३.२.४ अवधारणा २२
३.२.५.अपेक्षित परिणाम २२
३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जूमा र कार्यान्वयन २३
चरण १: संस्थागत निर्णय र तयारी २३
चरण २: विपदबाट विगतमा भएको क्षति र प्रकोप जोखिमको विश्लेषण २३
चरण ३: लक्ष्य र सूचकहरू निर्धारण २४
चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा र स्वीकृति २४
चरण ५: कार्यान्वयन, अनुगमन र मूल्यांकन २४
**परीच्छेद : चार विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना** **२६**
४.१. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु : २६
४.२. विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्रहरू २८

**परिच्छेदः पाँच** **२९**
५.१.विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु २९
५.१.१.प्राथमिकता प्राप्त क्षेत्र .१ः स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाई अभिवृद्धि २९
५.१.१.१. जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण नक्साङ्कनमा संस्थागत र एकरुपता ३०
५.१.१.२ प्रभावकारी विपद्व्यवस्थापन सुचना प्रणालीको विकास र सहज उपलव्धता ३१
५.१.१.३ विपद्जोखिम सम्वन्धि सरोकारवालाहरुको क्षमता अभिवृद्धि । ३२
५.१.२. प्राथमिकता प्राप्त क्षेत्र २ : स्थानीय विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण ३५
५.१.२.१.स्थानीय / समुदाय स्तरमा संस्थागत विकास ३५
५.१.२.२.कानूनी र संस्थागत संरचना को स्थापना तथा सुदृढिकरण ३६
५.१.२.३.विपद्जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य ३९
५.१.२.४.विपद्जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता ४०
५.१.३. प्राथमिकता प्राप्त क्षेत्र ३ : विपद् जोखिम न्युनिकरण र उत्थानशिलता बृद्धिकालागी निजि एवं सार्वजनिक लगानी प्रवर्द्धन ४१
५.१.३.१. जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी ४१
५.१.३.२.विपद्जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि ४३
५.१.३.३.विपद्जोखिम न्युनिकरणको लागी नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि ४४
५.१.३.४.सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद्उत्थानशीलता अभिवृद्धि ४५
५.१.४. प्राथमिकता प्राप्त कार्यक्षेत्र ४ : विपद् पूर्व तयारी ४७
५.१.४.१.विपद्पुर्व तयारी एवं प्रतिकार्य योजना ४७
५.१.४.२.बहुप्रकोप सुचना प्रणालिको विकास ४९
५.१.४.३. खोज तथा उद्दार , बहु आयामिक कार्यदल र क्षमता वृद्धि ५०
५.१.४.४.समुदाय केन्द्रीत विपद्व्यवस्थापन कार्यक्रम ५२
५.१.४.५.संचार सामग्री र प्रसारणमा सुधार ५३
५.१.४.६.पुनर्लाभ, पुनस्थापना र पुनर्निर्माणमा अझ बलियो र राम्रो पुनर्निर्माण निर्माण अवधारणा प्रवर्धन ५४
**परीच्छेद : छ** **५७**
**रणनीतिक कार्ययोजनाको कार्यान्वयन अनुगमन,समिक्षा र संसोधन**
६.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन वित्तिय व्यवस्थापन ५७
६.२. नीति तथा रणनीतिक कार्य योजनाको कार्यान्वयन ५७
६.३ अनुगमन, मूल्यङ्कन तथा प्रतिवेदन ५८
६.४. समीक्षा तथा पुनरावलोकन ५८
**सन्दर्भ सामग्रीहरु** **५९**

# परिच्छेद: एक

## १. पृष्ठभूमि

### १.१ विपद् जोखिमको राष्ट्रिय परिदृष्य:

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनशील तथा जोखिमयुक्त अवस्था रहेको छ। विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन् । समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्ग अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ। बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०)।

**नेपालमा विनासकारी प्रकोपहरु :**

- १९९० सालको भुकम्पबाट ८५९९ जनाको मृत्यु र १८ हजार घरनष्ट ।
- २०४५ सालको भुइचालोबाट ७२१ जनाको मृत्यु र २१७८६ घरहरु पुर्ण रुपमा नष्ट ।
- १९८६ सालमा तानसेनमा, २०२५ सालमा विराटनगरमा र २०६० सालमा ताप्लेजुङ्गमा भएका ठुला आगलागीबाट धेरै धनजनको क्षति ।
- २०२० सालमाविफरबाट १ हजार मानिसको मृत्यु ।
- २०३० र २०३७ सालमालामो खडेरी ।
- २०४४ साल फाल्गुन २९ गते दशरथ रंगसालामा भएको भाग दौडमा ७१ जनाको मृत्यु ।
- २०४४ सालमा नै पाकिस्थान एयरलाइन्स र थाइ एयरलाइन्सका विमान दुर्घटना, सयौ यात्रुको मृत्यु ।
- २००२, २०२५, २०२७, २०२८, २०३१,२०३२, २०३, २०३८,२०४०, २०५०, २०६१ र २०६३ सालमा बाढी पहिरोको कारण मुलुकका विभिन्नभागमा ठुलो क्षति ।
- २०६५ सालभाद्र २ को कोशी वाढीबाट ७५६३ घरधुरी ( ४२८००) को धनजनको क्षति ।
- २०७२ वैशाख १२ गते घटेको ७.८ म्याग्निच्युडको भूकम्प र त्यसपछिका परकम्पले झण्डै ८ लाख घर भत्किए, ९ हजारको नेपालीहरुको ज्यानगयो ।
- २०५६ सालको वाढी पहिरोले धनजनको क्षति
- २०७६ सालको अविरल वर्षाको कारणले आएको वाढी । पहिरोबाट ठाउँ ठाउँमा जनधनको ठूलो मात्रामाक्षति ।
- २०७७/२०७८को विश्वयापी रुपमा फैलिएको कोभिड १९को महामारीले झण्डै ११९५१ जनाको मृत्यु ।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ । खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ । दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) । हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९) ।भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ । पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

## १.२ विपद् जोखिमको प्रादेशिक परिदृष्य

सन् १९७४ देखि २०१८ सम्म ४५ वर्ष अवधिको विपद्बाट भएको क्षतिको तथ्याङ्क विश्लेषण गर्दा कर्णाली प्रदेशमा जम्मा २,४४२ विपद्जन्य घटना घटेको पाइन्छ। यस अवधिमा ४,१५५ मानिसको विपद्को कारण ज्यान गएको, २,३८० जना घइते भएको र २५४ जना वेपत्ता भएको तथ्याङ्कले देखाएको छ। त्यसैगरी यस अवधिमा १२१,९३२ परिवार प्रभावित भएको १२,६२४ भवन क्षति भएको देखिन्छ।

| प्रकोप समूह | विपद्का प्रकारहरु | घटना संख्या | मृत्यु बेपत्ता संख्या | प्रभावित परिवार | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| जलउत्पन्न र जलवायु जन्य | पहिरो, बाढी, भीषण बर्षा, चट्याङ हावाहुरी, आँधि, हिमआँधि, हिमपहिरो, असिना, शीतलहर खडेरी, लु | ६३२ | ५२८ | ४१७६५ | १०३४०४२९ |
| प्राविधिकर मानवजन्य | आगलागी, संरचना भत्किनु दुर्घटना, डुंगा दुर्घटना, हवाई दुर्घटना, डढेलो, | ४३३ | १६४ | १००८ | ५११६५३ |
| जैविक | महामारी, जनावर आतंक | २३५ | ३९० | ३५८२ | १८०० |
| भौगर्भिक | भूकम्प | १३ | २ | ० | ० |
| जम्मा | | १३१३ | १०८४ | ४६३५५ | १०८५३८८२ |
| तथ्यांक स्रोतः गृह मन्त्रालय, डिआरआर पोर्टल *(www.drrportal.gov.np)* | | | | | |

पछिल्लो १० वर्षको मात्र तथ्याङ्क विष्लेषण गर्दा सन् २००९ देखि २०१८ को अवधिमा कर्णाली प्रदेशमा विभिन्न २६ प्रकारका विपद्का घटना १,३१३ पटक घटेको देखिएको छ। विपद्का घटनाको संख्याको आधारमा पछिल्लो १० वर्षको अवधिमा सबभन्दा बढी आगलागीका घटना ३३७ वटा, त्यसपछि महामारी २३३ वटा, तेश्रोमा पहिरो १६५ वटा, भीषण वर्षाका घटना १५३ वटा, बाढी १२८ र चट्याङका ११७ वटा घटना रेकर्ड भएका छन्। त्यसैगरी दुर्घटना ६९ वटा, हावाहुरी १३ वटा, भूकम्प १३ वटा, संरचना भत्किएका घटना १२ वटा, लेक लाग्ने १२ वटा र आँधीका घटना ११ वटा भएको देखिन्छ। यसरी हेर्दा आगलागी, दुर्घटना, संरचना भत्किने जस्ता मानवीय कमजोरी र प्रविधिजन्य प्रकोप, पहिरो, बाढी भीषण वर्षा, चट्याङ, हावाहुरी, आँधी जस्ता जलउत्पन्न तथा जलवायुजन्य प्रकोप, भूकम्प, पहिरो जस्ता भौगर्भिक र महामारी जस्ता जैविक प्रकोपसँग सम्बन्धित घटनाहरु बारम्बार दोहोरिने गरेको पाइन्छ। पछिल्लो १० बर्षमा सबभन्दा बढी ६३२ वटा बाढी, पहिरो, भीषण बर्षा, चट्याङ, हावाहुरी, आँधी, हिमआँधी, हिमपहिरो, असिना, शीतलहर, खडेरी र लु जस्ता जलउत्पन्न र जलवायुजन्य विपद्का घटनाहरु भएका थिए। जैविक प्रकोपपछि सबभन्दा बढी मानवीय क्षति जलउत्पन्न र जलवायु जन्य विपद्का घटनाहरुबाट भएको देखिन्छ। यो दश बर्षको अवधिमा कर्णाली प्रदेशमा जलउत्पन्न र जलवायु जन्य विपद्का कारण ३४६ जनाको मृत्यु र १८२ जना बेपत्ता भएका थिए। ३११,६७५ परिवार प्रभावित भए भने १० अर्ब ४० करोड बराबरको आर्थिक क्षति जलउत्पन्न तथा जलवायुजन्य विपद्का कारण भएको तथ्याङ्कले देखाउँछ। यसमा पनि सबभन्दा बढी मानवीय र आर्थिक क्षति बाढी पहिरो र चट्याङका घटनाहरुबाट भएको देखिन्छ। सन् २०१४ को अगष्टमा मध्य पश्चिममा आएको बाढीले मानवीय क्षति गर्नुका साथै ठूलो आर्थिक नोक्सानी भएको थियो (तालिका २)। पाँच बर्ष वितिसक्दा पनि उक्त बाढीबाट विस्थापितहरुको पुनर्स्थापनाको काम पूरा हुन सकेको छैन। कर्णाली प्रदेश सरकार र स्थानीय सरकारले बार्षिक कार्यक्रम मार्फत सुर्खेत जिल्लाका बाढी प्रभावितहरुको पुनर्स्थापन र पुनर्निर्माणको काम गरिरहेका छन्।

२०७१ साल मंसिर ४ गते विहान ८ बजे करिब ५० जना यात्रु लिएर जाजरकोटबाट सुर्खेततर्फ गइरहेको ना ३ ख १४०८ नं. को बस भुरचौर नजीक भेरी नदीमा खेल्दा ४७ जनाको मृत्यु भएको थियो। विगत ४५ बर्ष सन् २००९ देखि २०१८ को एक दशकको विपद्को तथ्याङ्क हेर्दा कर्णाली प्रदेशमा सबभन्दा बढी मानवीय क्षति जैविक प्रकोप अर्थात महामारीका कारण भएको देखिन्छ। विगत दशकमा जैविक प्रकोपसँग सम्बन्धित ३३५ वटा विपद्का घटना भए भने यसबाट ३९० जनाको मृत्यु भएको थियो र ३,५८२ परिवार प्रभावित भएका थिए।

पछिल्लो समय सन् २००९ मा मध्य पश्चिमका जिल्लाहरुमा झाडा पखालाको महामारी फैलिएको थियो। यो महामारीबाट जाजरकोट जिल्लामा मात्र १५३ जनाको मृत्यु भएको थियो। संसारमा हिमालय पर्वत श्रृंखला बढी भूकम्प जाने क्षेत्रहरु मध्ये एक हो। हिमालय पर्वत श्रृंखला भारतीय र युरेशियाली प्लेट वीचको सिमानामा अवस्थित छ। प्रतिवर्ष भारतीय प्लेट

करीव २ सेन्टीमिटरका दरले हिमालय मुनि घुस्ने गर्दछ। परिणाम स्वरुप यस क्षेत्रमा रहेका सक्रिय दरारहरुमा तनावरशक्ति संचित भई भूकम्पहरु उत्पन्न हुने गर्दछन् । बीसौं शताब्दीमा मात्र हिमालयन क्षेत्रमा आठ म्याग्नेच्यूडभन्दा ठूला तीनबटा विनासकारी महाभूकम्पहरु गएका छन् । जस्तैस सन् १९०९ को काँगडा भूकम्प, सन् १९३४ को (विसं १९९०) को विहार( नेपाल भूकम्प र सन् १९५० को असाम भूकम्प । यी भूकम्पहरुले हिमालय क्षेत्रमा ठूलो जनधनको क्षति गरेको थियो । हालैको गोरखा भूकम्पदेखि पश्चिम र भारतको देहरादुन सम्मको क्षेत्रमा लामो समयसम्म ठूला भूकम्प गएका छैनन् ।
हिमालय पर्वतको पश्चिमी खण्डमा लामो समयदेखि ठूलो भुकम्प नगएकोले शक्ति संचित भएर रहेको र कुनै पनि समयमा ठूलो भूकम्प जान सक्ने आँकलन विभिन्न वैज्ञानिक अध्यनहरुले गर्दै आएका छन् । कर्णाली प्रदेश मा लामो समयदेखि ठूलो भूकम्प गएको रेकर्ड छैन । विगत लामो समयदेखि बर्तमान कर्णाली प्रदेशमा भूकम्पीय प्रकोपको घटना नभएको देखिएतापनि भौगर्भिक अवस्थिति एवं भूक्रियाशीलताको हिसाबले सिंगो नेपाल नै भूकम्पीय जोखिमको दृष्टिकोणले अति संवेदनशील क्षेत्रमा अवस्थित छ ।




विपद्को कारण भएको आर्थिक क्षतिको लागि सन् २०११ भन्दा अघिको भरपर्दो तथ्यांक उपलब्ध छैन । सन् २०११ देखि २०१८ सम्म ८ वर्षको अवधिमा कर्णाली प्रदेशमा जम्मा १०,८५४,२१६,६३१ रुपयाँ बराबरको आर्थिक नोक्शानी भएको तथ्यांकले देखाउँछ। औसतमा कर्णाली प्रदेशमा बार्षिक एक अर्ब पैंतीस करोड भन्दा बढी क्षति हुने गरेको देखिन्छ। जुन चालु आर्थिक वर्षको यस प्रदेशको बार्षिक बजेटको ४ प्रतिशत बराबर हो । तथ्यांकले बाढीबाट सबभन्दा बढी आर्थिक क्षति भएको देखाएको छ । दोस्रोमा आगलागीबाट, तेस्रोमा पहिरोबाट र त्यसपछि चट्यांबाट, हावाहुरीबाट र महामारीबाट धेरै आर्थिक क्षति भएको देखिन्छ ।
विगत १० वर्षमा सबभन्दा बढी विपद्का घटना २४१ वटा जाजरकोट जिल्लामा, रुकुममा १८८, हुम्लामा १७२, दलै खे मा १५०, सर्खेतमा १४५, सल्यानमा १४२, र कालीकोटमा १०० वटा भएका थिए । सबभन्दा कम जुम्लामा ४९, मगु मा ५२ र डोल्पामा ७४ वटा घटनाको रेकर्ड छ ।
विगतमा कर्णाली प्रदेशमा भएका विपद्का घटनाहरुको संख्या आवृत्ति विपद्का कारण भएको क्षतिको विवरण र यस क्षेत्रको संकटासन्नता र जोखिमको विषयमा गरिएका अध्ययनको आधारमा कर्णाली प्रदेश जैविक, प्राविधिक, जलवायुजन्य र जलउत्पन्न र भौगर्भिक बहु प्रकोपको उच्च जोखिममा रहेको छ । महामारी, पहिरो, बाढी, आगलागी, चट्याङ, दुर्घटना कर्णाली प्रदेशमा बारम्बार दोहोरि रहने प्रमुख विपद् हुन् । यसप्रकार कर्णाली प्रदेश बहुप्रकोपको उच्च जोखिममा छ भने अर्कोतिर विकासमा पिछडिएको अवस्था छ । नेपालको मानव विकास सूचकाङ्क ०.४९ हुँदा कर्णाली प्रदेको सूचकांक ०.४२७ रहेको छ। यो सातवटा प्रदेशहरुमा सबैभन्दा कम हो। त्यसैगरी ब्याप्त गरिवी, बहु आयामिक गरिवीदर नेपालको औसत २८.६ हुँदा कर्णाली प्रदेशको ५१.२ प्रतिशत रहेको छ, शिक्षा र चेतनाको न्यून अवस्था तथा विपद् सूचना र आपत्कालीन सेवामा समुदायको कमजोर पहुँचले प्रदेशको विपद् व्यवस्थापनको कमजोर क्षमतालाई देखाउँछ । परिणाम स्वरुप यस प्रदेशले विपदबाट राष्ट्रिय औसतभन्दा उच्च क्षति व्यहोर्नु परिराखेको छ। कर्णाली प्रदेशमा विगतमा विपद्बाट भएका क्षति नोक्सानी र प्रकोपको सम्भाव्यतालाई हेर्दा यो प्रदेश विभिन्न २० वटा भन्दा बढी प्रकोपको जोखिममा छ भने त्यसमध्ये पनि बाढी, पहिरो, चट्याङ आगलागी, सडक दुर्घटना, महामारी र भूकम्पको उच्च जोखिममा रहेको छ।

## १.३. विपद् जोखीममा सुर्खेत जिल्लाको अवस्था

सुर्खेत जिल्ला चुरे पहाड र महाभारत शृङ्खलाको बीचमा अवस्थित कमजोर भू-धरातल भएको पहाडी जिल्ला हो। यो जिल्ला २८० २०''-२८० ५८'' उत्तरी अक्षांश र ८०० ५९''-८२० ०२'' पूर्वी देशान्तरभित्र रहेको छ । समुन्द्र सतहबाट १९८ मिटर देखि २३६७ मीटरसम्मको उचाईमा रहेको यसको कुल क्षेत्रफल २४५१ वर्ग कि.मि. रहेको छ । भौगोलिक दृष्टिले कमजोर पत्रे चट्टानले बनेको चुरे पर्वत शृङ्खला, बेसी तथा उपत्यका र महाभारत पर्वत रहेको यो जिल्ला उत्तरबाट दक्षिणतर्फ पानीढलो भई पहिरोको दृष्टिले पनि संकटापन्न अवस्थामा रहेको छ। यस जिल्लाको पश्चिम क्षेत्रमा ज्वालामुखीबाट बनेका पहाड तथा कन्दराहरु छन् । जहाँ अझैपनि अनेकौं धाँजा फाटेको देख्न सकिन्छ ।

वि.सं. २०३८ सालको जनगणना अनुसार सुर्खेत जिल्लाको जनसंख्या १,६६,१९६ मात्र थियो । यसपछि वि.सं. २०४८ सालमा लिइएको राष्ट्रिय जनगणना अनुसार सुर्खेत जिल्लाको कूल जनसंख्या २,२५,७६८ रहेको थियो, जसमा पुरूष १,११,८४३ (४९.५%) र महिलाहरूको जनसंख्या १,१३,९२५ (५०.५%) देखिएको थियो भने अर्को १० वर्षको अन्तरालमा अर्थात वि.सं. २०५८ सालको जनगणना अनुसार जिल्लाको कूल जनसंख्या २,८८,५२७ भएको देखिन्छ । २०६८ सालको गणनामा सुर्खेतको जनसंख्या ३,४०,३१८ (पुरुष १,६२,६७२ र महिला १,८०,६४६) रहेको देखिन्छ । जिल्लाको गाउँपालिका र नगरपालिकाको क्षेत्रफल र जनसङ्ख्या निम्नानुसार रहेको छ । हाल नेपाललाई पुनर्संरचना गरिएपश्चात निर्माण भएका स्थानीय तह र तिनले आगटेको क्षेत्रफल र जनसंख्या विवरण निम्नानुसार रहेको छ । सन् २००७ मा सुर्खेतको मेहेलकुनामा पुल चुडिएर भएको दुर्घटना प्राविधिक तथा मानवजन्य प्रकोपका केही उदाहरण हुन् ।२०६४ पौष १) गते (२००७ डिसेम्बर २५) का दिन भेरी नदीको झोलुंगे पुल चुँडिदा ३३ जनाको मृत्यू भयो । त्यस दिन सुर्खेतको मेहेलकुनामा पूर्णिमाको मेला लागेको थियो । मेला भर्न आएका सयौं मानिसहरु मेहेलकरुना र दहचौर जोड्ने भेरी नदीमाथिको झुलुंगे पुलबाट एकै पटक आवतजावत गर्ने क्रममा तौल बढी भएका कारण पुल चुँडिन पुगेको थियो ।
भेरी र कर्णाली नदी लगाएत गोचेखोला, छिन्चुखोला, झुप्राखोला, चिङ्गाडखोला, गिरीघाटखोला, सोतखोला, नेवारेखोला, इत्रामखोला, खोर्केखोला एवम् निकासखोला जस्ता नदी र खोलाहरु यसै जिल्लाको भूभाग भएर बग्ने भएकाले यो जिल्ला बाढीको उच्च जोखिममा रहेको छ भन्दा अत्युक्ति नहोला । जिल्लाको १३ प्रतिशत भूभाग चुरे र ४३ प्रतिशत भूभाग महाभारत पहाडले ओगटेको हुनाले यस जिल्लामा पहिरोको जोखिम पनि उच्च नै रहेको छ । त्यसैगरी, आगलागी, महामारी र सडक दुर्घटना जस्ता प्रकोपहरुको जोखिम पनि यस जिल्लामा विद्यमान रहेको छ ।सुर्खेत जिल्ला बहु प्रकोपको दृष्टिले उच्च जोखिम भएको जिल्ला हो । यस जिल्लाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलता नै प्रकोपका मुख्य कारण हुन् । खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित संरचना निर्माण जस्ता कारणले पहिरो, बाढी , आगलागी एवं जलउत्पन्न प्रकोपहरु सिर्जना भईरहेको छ । विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई हेर्दा यस जिल्ला देहायका प्रकोपहरुबाट बढि प्रभावित भएको देखिन्छ ।


### सुर्खेत जिल्लाको पालिकाहरुको संकटासन्नता विश्लेषण

| सि.न. | हाल | पहिरो | आगलागी | महामारी | सडक दुर्घटना | बाढि |
|---|---|---|---|---|---|---|
| १ | चौकुने | ३२.४ | २३.६ | २८ | १६.४ | ३१.४ |
| २ | पञ्चपूरी | २९.२ | २४.४ | २८ | १७.४ | २९.६ |
| ३ | बराहताल गाउपालिका | ३७.४ | २४.८ | २६.६ | १९.८ | ३३ |
| **४** | **वीरेन्द्रनगर** | **३२.७५** | **२२.२५** | **२५.५** | **१९.५** | **२३.२५** |
| ५ | भेरीगंगा नगरपालिका | ३४.५ | २४ | ३० | २३ | २९.५ |
| ६ | गुर्भाकोट | ३४ | २१.७५ | २६.२५ | २०.५ | २५.५ |
| ७ | लेकबेसी | ३४.२ | २२ | २५.२ | १८.२ | २६.२ |
| ८ | चिंगाड | ३६.२ | २२.२ | २७ | १६.२ | २०.८ |
| ९ | सिम्ता | ३३.७५ | २१.८७५ | २७.६२५ | १६.६२५ | २०.५ |
| | जम्मा | ३०४.४ | २०६.९ | २४४।२ | १६७.६ | २३९.८ |
| | औसत | ३३.८ | २२.९ | २७.१ | १८.६ | २६.६ |

*उपरोक्त तालिकामा उल्लेखित अंकमा उच्च- ३५ माथि, मध्यम- २५ देखि ३४ सम्म, न्यून- ० देखि २४ सम्मलाई मानिएको छ ।*

## १.४. विपद् जोखिमको स्थानिय अवस्था

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी समेत रहेको वीरेन्द्रनगर नगरपालिका कुल २४५.०६ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ । जम्मा १६ वडामा विभाजित यस नगरपालिकामा ३१८४७ घर परिवारमा १५४८८६ जनसंख्या बसोबास गर्दछन् । कर्णाली प्रदेशका पहाडी र हिमाली जिल्लाहरुलाई जोड्ने कर्णाली राजमार्गको निर्माण भएसँगै यो नगर कर्णाली प्रदेशको प्रवेशद्धारको रुपमा विकास भएको छ र सुर्खेत उपत्यकामा अवस्थित यो नगरपालिका कर्णाली प्रदेशको राजधानी समेत रहेकोले तीव्र शहरीकरण भइरहेको छ। विगत लामो समयदेखि नेपालको पश्चिमी क्षेत्रमा ठूलो भूकम्प नगएकोले भूकम्पबाट भएको क्षतिको तथ्यांक उपलब्ध छैन तर सिंगो नेपाल नै उच्च भूकम्पीय जोखिममा रहेको र त्यसमा पनि सिन्धुलीको दक्षिणतर्फ, उदयपुर आसपास, पोखराको पूर्वी र पश्चिमी भाग, बझाङ र दैलेख जिल्लामा जमिनको प्रवेग उच्च पाइएको अध्ययनले देखाएको छ । दैलेखको गुराँसे पहाड सगको सिमाना र उपत्यकामा दलदले माटो भएकोले पनि यो नगरपालिका लाई भुकम्पिय दृष्टिले उच्च उच्च जोखिम हुने क्षेत्र भनि भुकम्पिय आकलन प्रतिवेदनले जनाउँछ । यस नगरमा २२.९२ प्रतिशत घरहरु कच्ची १७.१८ प्रतिशत घरहरु अर्धपक्की छन् भने वस्ती विस्तारमा भूउपयोगलाई ख्याल गरिएको छैन । त्यसमाथि जलवायु परिवर्तनको असर, गरिवी, जनचेतनाको स्तर, सामाजिक बहिस्करण, बृद्धबृद्धा, बालबालिका तथा अपांगता भएका जनसंख्या जस्ता संवेदनशीलताले यस नगरमा विपद्को जोखिम बढाईरहेको छ ।



वीरेन्द्रनगर नगरपालिकामा धरातलीय उचाईको विविधताले गर्दा समतल उपत्यकादेखि पहाडी भू-भाग समेत रहेका छन् । तल्लो क्षेत्रहरू नगरपालिकाकै घना बस्ति तथा प्रमुख उत्पादन क्षेत्रहरू पनि यस वीरेन्द्रनगर नगरपालिकामा पर्दछन् । माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय, पहिरो जाने संभावना बढी हुन्छ भने मध्य भाग समेत पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदनशील मानिन्छ । भौगोलिक हिसाबले कमजोर भूभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस नगरपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षति समेत हुने गरेको छ । यस नगरमा विभिन्न प्रकोपहरु जस्तै भूकम्प, बाढी तथा डुबान, पहिरो, सडक दुर्घटना, आगलागी र महामारी ले प्रत्यक्ष प्रभाव पारिरहेको छन् । त्यस मध्ये हाल सम्म ठूलो क्षति २०७१ को बाढी रहेको छ । उक्त वाढी बाट ७ जनाको मृत्यु, १ जना बेपत्ता र ४३०४ जना मानिस प्रत्यक्ष प्रभावित भएका थिए भने ५६६ घरधुरी पुर्ण रुपमा क्षति र ३०१ घरधुरी आंशिक रुपमा क्षति भएका थिए । सार्वजनिक पुर्वाधारमा सडक,खानेपानी,पुल, कल्भर्टका साथै अन्य संरचनाहरुमा समेत ठूलो क्षति भई कुल रु. ९,९५,००,०००। बरावरको नोक्सानी भएको सुचना प्राप्त भएको थियो ।

यस प्रकारको यथार्थलाई मनन् गरी बाढी, डुबान, पहिरो,आगलागी, भुकम्म लगाएत अन्य विपद्का समस्याहरू र विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनको लागी नगर विपद् जोखिम तथा व्यवस्थापन ऐन २०७६ को अधिनमा रही यस नगरपालिकालाई उत्थानशिल शहर , हरीत शहर र पर्यावरणिय रुपमा सफा र स्वच्छ बनाउनको लागी दिर्घकालिन र अल्पकालिन निति बनाई जोखिम संवेदनशिल भुउपयोग निति बनाई नगरपालिका अगाडी बढेको छ ।

# परिच्छेदः दूई
# २. विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

## २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु
## २.१.१. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३०

सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धीसूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि चारवटा प्राथमिकताहरु विपद् सम्बन्धी बुझाई, विपद् जोखिमन्यूनीकरणलागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने, पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो निर्धारण गरेको छ ।

## २.१.२. दिगो विकास लक्ष्य सन् २०१५–२०३०

दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अर्न्तनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

## २.१.३ पेरिस सम्झौता २०१५ :

डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलन सम्पन्न भयो। यस सम्मेलनले दिगो विकास तथा गरिवी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिम बिरुद्ध चालिने विश्वव्यापी उपायहरु प्रश्तुत गर्‍यो । जसलाई पेरिस सम्झौताको नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रुपमा घटाउने कुरालाई आत्मासात गर्दै विश्वव्यापी औसत तापक्रममा हुने बृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सिमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने, गरि जलवायु परिवर्नका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्ने क्षमता अभिबृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकुलन विकासमूलक कार्यप्रणाली अनुरुप लगानी प्रवाह गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु परिवर्तनका कारण हुने क्षति तथा नोक्सानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायु जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथमिकतामा राखेको छ ।मानवीयताका लागि एजेण्डा सन २०१६ मा टर्कीको स्ताम्बुलमा भएको विश्व मानवीयतासम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्व सहित मानवीयताका लागि एजेण्डा (Agenda for humanity) पारित गर्‍यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकास कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ । यस एजेण्डामा उल्लेख गरिएका पाँच वटा प्रमुख दायित्व मध्ये मानवीयताका लागि लगानी (Invest in humanity) र कोही पछि नहोस (Leave no one behind) रहेका छन । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ ।

## २.१.४ नयाँ शहरी एजेण्डा २०१६

सन २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्र संघीय सम्मेलनमा अबलम्बन गरिएको नयाँ शहरी एजेण्डा (New urban agenda) ले विश्वको बढ्दो शहरीकरण र शहरी जोखिमलाई दृष्टिगत गरि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, संकटासन्नता घटाएर उत्थानशीलता निर्माण तथा जलवायु परिवर्तनको अनुकुलन र अल्पीकरणलाई शहरी विकासका लागि प्राथमिकताको रुपमा ग्रहण गरि उत्थानशील निर्माण, जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनलाई बढवा दिने शहरहरुको परिकल्पना गरेको छ ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना्

### २.२.१. नेपालको संविधान २०७२

नेपालको संविधानमा **अनुसूची ८** ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । **अनुसूची ९** मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

### २.२.२ .विपद् जोखिम न्यूनीकरण नीति २०७५

यस नीतिमा सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु,जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ विपद् जोखिम न्यूनीकरण नीति २०७५ लागु भएको छ । यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ,प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय,सार्वजनिक निकायहरु,विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ ।

### २.२.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ। जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ । संघ,प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ ।

### २.२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०, सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर निर्माण गरिएको छ। यसमा संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला संघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम गरिने उल्लेख छ । र सवै तहका सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने । त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा सशक्तिकरण गरिने । विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ। जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ। यस रणनीतिक कार्ययोजनाको उद्देश्य विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण, रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुननिर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रहेको छ । विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदशनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ ।

## २.२.५. नेपालको दिगो विकास लक्ष्यहरु

नेपालले दिगो विकास लक्ष्यहरु विश्वव्यापी दिगो विकासका लक्ष्यहरुलाई अधारमानी कार्यान्वयन गर्नकालागि तय गरेको छ । आर्थिक विकास, सामाजिक समानता र वातावरणीय संतुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ । गरीबी र संकटासन्न अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक,सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने । विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ । यसरी नेपालले दिगो, उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६) ।


## २.२.६.प्रादेशिक कानून, नीति तथा कार्ययोजना

अधिकार बाडफाँड सम्बन्धमा नेपालको संविधान २०७२ को अनुसूचि ९ ले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ । प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकारको विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो । कर्णाली प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि तयार गरीएका विद्यमान प्रावधानहरु कर्णाली प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावलि २०७६ (तेश्रो संसोधन २०७८), कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन तथा खर्च कार्यविधि, २०७६,जोखिम विमा सम्बन्धी कार्यविधि २०७८,कर्णाली प्रदेश विपद् पिडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि २०७८,क्वारेन्टाईन संचालन तथा व्यवस्थापन मापदण्ड २०७६,कोभिड १९ बाट मृत्यु भएका मृतकका परीवारलाई राहत वितरण सम्वन्धि कार्यविधि , २०७८,मनसुन पुर्वतयारी तथा प्रतिकार्य कार्यविधि २०७८,विपद् जोखिम न्युनिकरण प्रादेशिक निति तथा रणनितिक कार्ययोजना २०२२-२०३०, बनाई कार्यन्व्ययन गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन शाखा, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन् भने मानविय सहयाता केन्द्र स्थापना गरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गरीरहेको छ ।

## २.२.७.विपद् जोखिम न्युनिकरणको लागी वीरेन्द्रनगर नगरपालिकाले गरेको स्थानीय अभ्यास

नेपालको संविधान २०७२ मा अनुसूचि ८ र ९ मा एकल र साझा अधिकार बाँडफाँड सम्बन्धी विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ । विरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र बाढी, डुवान, आगलागी, बालिमा लाग्ने रोग किरा, हावाहुरी, असिना, सुख्खा खडेरी, चटयाङ, महामारी, सडक दुर्घटना, जस्ता विपद्का घटनाहरुका कारण जनधनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा श्रृजित कानूनी अड्चन पन्छाउँदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७७, आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि, २०७७, विपद् जोखिम न्यूनीकरण स्थानीय कार्यमञ्चको संचालन मार्गदर्शन, २०७७ जारी गरी कार्यान्वयन गरेको छ ।

विरेन्द्रनगर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ । त्यसैगरी वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ । वातावरण विपद् शाखालाई व्यवस्थित बनाउनको लागी वातावरण विपद व्यवस्थापन समिति र वातावरण विपद् व्यवस्थापन शाखा र उपशाखा बनाई विपद् फोकल व्यत्ति तोकि विपद व्यवस्थापनको आवस्यक कर्मचारीहरुको व्यवस्थापन र परीचालन गरीएको छ । नगरपालिकामा विपद् व्यवस्थापन शाखा अन्तरगत रहने गरी स्थानीय आपतकालिन कार्य संचालन केन्द्र निर्माण गरी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले




परिचालन गर्ने गराउने अख्तियारी प्रदान गर्नुका साथै आपतकालिन कार्य सञ्चालन केन्द्रको कार्य सञ्चालन विधि बनाई आवस्यक सामाग्रीहरुको व्यवस्थापन सहित आपातकालिन कार्यसञ्चालन केन्द्रलाई सक्रिय रुपमा कार्यन्वयन गर्न केन्द्र प्रमुख तथा उपप्रमुख तोकि परीचालन गरीएको छ । विरेन्द्रनगर नगरपालिकाले उत्थानसिल नगर बनाउनउको लागी जोखिम संवेदनसिल भुउपयोग निति, योजना र भौतिक तथा भवन निर्माण मापदण्ड, भुकम्पिय जोखिम आकलनको अध्ययन सो बमोजिम विपद् जोखिम न्युनिकरणका गतिविधिहरुलाई अगाडी बढाएको छ । साथै प्रत्येक वर्ष विपद पुर्वतयारी तथा प्रतिकार्य योजना बनाई अध्यावधि गर्दै कार्यन्वयन गर्ने गरीएको छ । विरेन्द्रनगर नगरपालिकले विपद्को अवस्थालाई पहिचान गरी कार्यक्रम तयार गर्नको लागी विपद जोखिम व्यवस्थापन अनुक्रमणिकाका आधारमा आत्म मुल्याँकन गर्ने गरीएको छ ।

## २.३ प्रकोपको जोखिम विश्लेषण

### २.३.१ विगतमा विपद्को प्रभाव (ऐतिहासिक समय रेखा विश्लेषण)

| क्र.सं. | मिति | विपद् | असर | सूचनाकोस्रोत |
|---|---|---|---|---|
| १ | विगत् देखि हाल सम्म | भूकम्प | २०७२ साल बैसाख १२ गते, विभिन्न ठाँउमा घरहरु भत्किने र चर्कने र २०४५ सालमा घरहरु भत्केका | MHRA, नपा तथ्याक |
| २ | २०२८-२०७८ | बाढी | २०२८ सालमा खेति योग्य जमिन बगाएको र खोलाहरुको चौडाई बढेर खोलामा परिणत , पशु चौपायहरुको मृत्यु भएको २०७१ मा मृत्यु ७ जना, ५६६ घरको पूर्ण क्षति तथा ३०१ घरधुरी आंशिक क्षति भएको, १० हेक्टर जंगल क्षति, वडा नं. १ देखि १६ सम्म कटान, डुबान, बत्तिको पोल नष्ट, खानेपानी योजना अवरुद्ध, पशु चौपाय क्षति, संचार अवरुद्ध खानेपानीका संरचनाहरुमा क्षति भई १५ दिनसम्म पानी बन्द भएको । २०७८ को असोजमा आएको आकस्मिक बेमौसमि बर्षाका झण्डै ३,४७,०३,२८४ बराबरको क्षति, ९ हेक्टर भन्दा बढि खेतबारीमा असर पुगेको र उक्त झरीले ३ हजार किसानको धानहरु नस्ट भएको । | MHRA, नपा तथ्याक |
| ३ | २०६४ - २०७१ | पहिरो | विभिन्न स्थान वडा नं. १२, १३, १४, १५, १६, प्राकृतिक तथा भौतिक क्षति, पशु चौपाया को समेत क्षेति भएको | MHRA, नपा तथ्याक |
| ४ | २०५१ - २०७९ | आगलागी | २०५१ सालतिर वीरेन्द्रचोक आगोलागी भै भिम प्रसाद सापकोटाको घर जली पूर्ण रुपमा क्षति भएको वीरेन्द्रनगर ६, वसपार्क नजिक तरकारी कपडा फेन्सी पसलमा असर परेको वीरेन्द्रनगर १० टायर रिसोलिङ्ग सेन्टर आगोलागि कम्तीमा हरेक वर्ष १० देखि १५ वटा आगलागीका घट्ना हुने गरेको साथै वीरेन्द्रनगर १, ४, ५, ७ को उत्तरी जलाधार क्षेत्र तथा उपत्यकाको दक्षिण क्षेत्रमा रहेको वन क्षेत्रमा समेत वर्षेनी आगलागी हुने गरेको । छ भने विरेन्द्रनगर मा हाल विधुतिय आगलागी पनि हुने गरेको छ । २०७ र २०७८ सालमा आगलागीको कारण झण्डै १० वटा घरमा क्षति पुगेको र ३० वटा भन्दा बढि आगलागीका घटनाहरु भएको परालको टौवामा बढि आगो लाग्ने गरेको छ । | MHRA, नपा तथ्याक |
| ५ | विगत् देखि हाल सम्म | चट्याङ्ग | वीरेन्द्रनगर १६ मा १ मानिस घाईते र पशु चौपायको मृत्यु २०३५ सालमा, खजुरामा १ जनाको मृत्यु | MHRA, नपा तथ्याक |
| ६ | निरन्तर | सडक दुर्घटना | मृत्यु र घाईते मानवीय भौतिक क्षति पशु चौपाया २०७८ मा ४५ वटा पशु चौपाया मरेको । | MHRA, नपा तथ्याक |
| ७ | निरन्तर | महामारी | झाडा पखाला, डेङ्गो, ऋइख्क्ष्म्-ज्ञढ बाट प्रभावित | MHRA, नपा तथ्याक |
| ८ | निरन्तर | खडेरी | ज्लवायु परिवर्तनको असर, सिचांइको अभाव, खानपे ानीको महान सुकेर खानेपानिको अभाव, खेतिपाति नहुनु, अनिकारल हुनु । | MHRA, नपा तथ्याक |
| ९ | २०७४ २०७६ | असिना | वडा नं. १४, १५, १६, १३ मा बालीनालीमा क्षति, घरको टायलमा क्षति | नपा तथ्याक |
| १० | निरन्तर | हावाहुरी | विद्यालय तथा घरका छाना उडाउने विद्युत अवरुद्ध हुने, टेलिकमको टावरमा क्षति, रुख ढल्ने, पशु वस्तु प्रभावित, मानवीय क्षति, १ जनाको मृत्यु । २०७८ सालमा आएको हावाहुरी बाट ६५ वटा घरको क्षति पुगेको । २०७९ बैशाखमा आएको हावाहुरीबाट झण्डै ७९ लाख बरावरको क्षति र २८ धरधुरीको घरको छाना उडाएको । | MHRA, नपा तथ्याक |

### २.३.२. वीरेन्द्रनगर नगरपालिकामा गरीएको प्रकोप स्तरीकरण

विपदको ऐतिहासिक समयरेखा, वडा र बहुप्रकोपिय अध्ययनको आधारमा तथा विभिन्न छलफलबाट विश्लेषण गरी आएको तथ्यलाई आधार मानि तथा वडामा देखिएका विभिन्न प्रकारका प्रकोपहरु मध्ये सबै भन्दा बढी असर पारेको प्रकोप निर्धारण गर्न जोडा मिलाएर दाँज्ने विधीवाट प्रकोप प्राथमिकता निर्धारण गरिएको छ । यस विधिको प्रयोगबाट वीरेन्द्रन्गार नगरपालिकामा भुकम्प, बाढी, आगलगी, , सडक दुघटना , महामारी हावाहुरी, ा, असिना, चट्याङ, बालिमा लाग्ने रोगकिरा जस्ता मुख्य प्रकोपको जोखिम रहेको छ । नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा विपद समुह संग छलफल गरी प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको प्राथमिकतामा राखी पूर्व तयारी तथा कार्ययोजना तयार गरिएको छ ।

| प्रकोप | भुकम्प | बाढी, डुवान | आगलागी | हावाहुरी, असिना | पहिरो | सडक दुर्घटना | चट्याङ | महामारी | बालिमा लाग्ने रोगकिरा |
|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | पहिरो | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| बाढी, डुवान | | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान | बाढी, डुवान |
| आगलागी | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| हावाहुरी , असिना | | | | हावाहुरी, असिना | हावाहुरी, असिना | हावाहुरी, असिना | हावाहुरी, असिना | हावाहुरी, असिना | हावाहुरी, असिना |
| पहिरो | | | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| सडक दुर्घटना | | | | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| चट्याङ | | | | | | | चट्याङ | चट्याङ | चट्याङ |
| महामारी | | | | | | | | महामारी | महामारी |
| बालिमा लाग्ने रोगकिरा | | | | | | | | | बालिमा लाग्ने रोगकिरा |
| अंकभार | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ |
| स्तर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

*उच्च जोखीममा क्रमस : भुकम्प, बाढी, आगलगी, हावाहुरी असिना,पहिरो,सडक दुर्घटना, चट्याङ महामारी, बालिमा लाग्ने रोगहरु रहेका छन । स्रोत: विपद् पर्वतयारी तथा प्रतिकार्य योजना,वीरेन्द्रनगर, २०७७*

### २.३.३. वीरेन्द्रनगर नगरपालिकाकाका मुख्य भूउपयोग क्षेत्रमा बहुप्रकोपिय जोखिमको सम्भावना

बहुप्रकोपिय जोखिमको आधारमा वीरेन्द्रन्गार नगरपालिकाकाका विभिन्न बस्तिहरु जोखिममा रहेको देखिन्छ । बहुप्रकोपिय जोखिममा पर्ने बिभिन्न बस्ती तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडाहरु | जोखिमका पर्ने क्षेत्रहरु |
|---|---|
| वडा न १ | आम्दाली, चनाबारी, धारापानी, ढोढेखली, सोलीघोप्टे, तिनकुने,बेलघारी,गंगटे खोला ,आँपडाली, केराघारी |
| वडा न २ | भुरेली, दौलतपुर, गुप्तीपुर, जयपुर, खोलीगाँउ, कोलडाँडा, कृष्णगंज, ठौरी, उत्तरगंगा, सिम्ले |
| वडा न ३ | गण्डकी टोल,ईटौरा,मसुरीखेत,मुलपानी,पतेनी,तातापानी |
| वडा न ४ | दुनी गैरा,हिलेखाली,काला गाँउ, खोला |
| वडा न ५ | भुते पोखरी,चिसापानी,गणेश चोक |
| वडा न ६ | बीरेन्द्र चोक, रत्नराजमार्ग उत्तर तर्फ,मंगलगढी |
| वडा न ७ | इत्राम,कालञ्चोक,कपासे, खजुरा,नौलापुर |
| वडा न ८ | इत्राम खोला,रत्नराजमार्ग क्षेत्र,खजुरा मोडल कलेज आसपास |
| वडा न ९ | पातालगंगा, पुराने घुस्रा,सक्तेकंडा,तल्लो पर्सेनी |

| | |
|---|---|
| वडा न १० | इत्राम खोला,नेवारेखोला,बुदबुदि,रहरपुर,कुन्टि,नयाँगाउ, |
| वडा न ११ | बस्तीपुर,नेवारे खोला देउति बज्यै चारकुने सम्म, भुप्रा,शान्तिपुर,बालुवाटार,नाराखोला, अछामीडाँडा, बरराकुना,चारकुने, चौके ढुङ्गा,ढोलुङ्गा ,धुलाबिट पिपीरा,सुव्बाकुना,कुनाथरी, |
| वडा न १२ | पिपलडाँडा,सलामी टोल, सुनारीटार,खोरीया,चनौटे |
| वडा न १३ | दाहालडाँडा, दोविल्ला, जर्बुटा, नयागाउ भुप्रा, करेखोला, खापपखेरा, माउमारे, बौडेल टोल,चिउरी डाँडा |
| वडा न १४ | गढि,राम्रीकाडा, |
| वडा न १५ | जमिनडाँडा,लामीडाँडा |
| वडा न १६ | खर्क,भित्रिखोला |

## २.३.४. वीरेन्द्रनगर नगरपालिकामा विपद्को ऐतिहासिक अवस्था :

वीरेन्द्रनगर नगरपालिकाका विभिन्न वडा कार्यालयहरुसंगको छलफल, प्रकोप, संकटासन्नता तथा क्षमता विश्लेषण प्रतिवेदन,विभिन्न स्रोत सामग्रीहरुको अध्यनको आधारमा यस पालिकामा भएका विपद् जोखिमको विवरण विगतमा आइपरेका र आगामी दिनमा आइपर्न सक्ने विपद् जोखिम र क्षतिहरुलाई वडा अनुसार राखिएको छ ।

| **वडा न : १** | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि | २०७१ मा | घर र बस्ति बगाएको |
| ३ | पहिरो | २०७१ | उत्तरी क्षेत्र आपखोलि सोलिघोप्टेमा पहिरोले क्षति पुल भासिएको । |
| ४ | डुवान | प्रत्येक वर्ष | फुलबारी अन्नदेश्वर टोलमा डुवान |
| ५ | आगलागी | २०७८ र २०७९ | वडा कार्यलयमा क्षति भएको ।परालमा आगो लागेको,१ भैसि मरेको |
| ६ | माहामारी | २०७८ मा | कोभिडबाट १५ जनाको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | २ बालबालिकाको मृत्यु हावाहुरीले घर क्षति भएको । |
| ८ | चटयाङ्ग | २०७८ मा | १ जनाको मृत्यु |
| ९ | अन्य | २०७८मा | सडक दुर्घटनाबाट ६ जनाको मृत्यु १० घाईते |

| **वडा न : २** | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०४७ ,२०५७ मा | धेरै बिउ बगाएको, हलो जुवा बगाएको, खेती बगाएको लवस्ताको दौलातपुर खोलीगाउँ डुवान, पशुपन्छीको क्षती |
| ३ | पहिरो | २०७१ | ३ जनाको मृत्यु घर जग्गा, वालीनाली र पशु पन्छीमा क्षती |
| ४ | डुवान | प्रत्येक वर्ष,२०७८ | डुवानले खेत बारी डुवान भएको धान बालि नस्ट भएको । |
| ५ | आगलागी | २०६६/२/१३ | चेतना जागृती सामुहिक वन आगालागी, वोटविरुवा तथा वन्यजन्तुहरुलाई असर हुनको साथै वातावरण प्रदुषण भएको थियो |
| ६ | माहामारी | २०७८ मा | कोभिडबाट १५ जनाको मृत्यु |
| ७ | हावाहुरी असिना | २०५८ मा २०७९ बैशाख ३० मा | फलाटेमा विद्यालयको छाना र समुदायमा रहेको घर बस्ती छाना उडाएको,घर भत्केको , समुदायिक भवन रानिघाट मा क्षति भएको |
| ८ | चटयाङ्ग | २०७८ मा | १ जनाको मृत्यु |
| ९ | अन्य | २०४५, २०५० | पशु वस्तु मरे, आलु खेती नष्ट भएको, अत्याधिक जाडो बढेको |

| वडा न : ३ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०७१ | ९ वटा पक्की घर,जग्गा,कच्ची घर टहरा ५० भन्दा माथी,पशु चौपाया अन्दाजी २५० देखी ३०० सम्म पन्छी हास कुखुरा लगाएत १०० देखी १५०० सम्म । १ जनाको मृत्यु १० देखी १५ जना सम्म घाइते, पसल १५-२० वटा सम्म बगेको इटौरामा काठको पुल बगाएको, करिब २० विगाह जमिनमा धान खेती नष्ट गरेको, इटौराको पक्की सिचाई कुलो बगाएको । |
| ३ | पहिरो | | |
| ४ | डुवान | प्रत्येक वर्ष | डुवानले खेत बारी डुवान भएको धान बालि नस्ट भएको । |
| ५ | आगलागी | प्रत्येक वर्ष | प्रत्येक बर्ष परालको टौवा तथा घरहरुमा आगलागी भैरहने |
| ६ | माहामारी | २०७८ | कोभिडबाट तथा झाडापखाला बाट प्रभावित |
| ७ | हावाहुरी असिना | | |
| ८ | चटयाङ्ग | | |
| ९ | अन्य | २०७४ | माछा पोखरीमा र इट्टाभट्टामा करेन्ट लागी ४ जनाको मृत्यु |

| वडा न : ४ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०४५<br><br>२०७१ | सिंचाई कुलोमा भएको क्षतिका कारण उत्पादनमा कमी आएको र करीब २५,००,००० बराबरको क्षति भएको,६० घरधुरी पूर्ण रुपमा क्षति तथा ३० घरधुरी आंशिक रुपमा क्षति भएको, ४ जना मानिसको मृत्यु भएको, खानेपानी, सडक तथा पुलमा क्षति, करिब ५ करोड बराबरको क्षति भएको |
| ३ | पहिरो | | |
| ४ | डुवान | | |
| ५ | आगलागी | | |
| ६ | माहामारी | २०७८ | कोभिडबाट तथा झाडापखाला बाट प्रभावित |
| ७ | हावाहुरी असिना | | |
| ८ | चटयाङ्ग | | |

| वडा न : ५ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०७१ | ३९ घर, १ भैसीं, ४ वंगुर, १ बालबिकास केन्द्र १ पुल वगाएको, ३९ घर परिवार विस्थापित भई विद्यालयमा आश्रय लिन वाध्य भएका, खेती योग्य जमिन बगाएको, रुखविरुवा बगाएको, खानेपानीको मुहान तथा पाईप बगाएको , विजुली बत्ति १३ दिन नआएको । |
| ३ | पहिरो | | |
| ४ | डुवान | | |
| ५ | आगलागी | २०६२,०७९ | रामजानकी सामुदायिक वनमा आगलागी, राममन्दिर ग्यासमा आगलागी भएको । |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी असिना | | |
| ८ | चटयाङ्ग | २०७४ | वैशाख २७ गते का दिन ने .रा .आ. वि चिसापानीको दक्षिण तर्फ रहेको उदय वि. क. को घरमा चट्याङ परी आगलागी हुँदा उदय वि क घाईते भएको, घर भित्र रहेको अन्नपात जलेको र घरको छानो समेत भत्किएको । |

| वडा न : ६ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०७१ | ३९ घर, १ भैसीं, ४ वंगुर, १ बालबिकास केन्द्र १ पुल वगाएको, ३९ घर परिवार विस्थापित भई विद्यालयमा आश्रय लिन वाध्य भएका, खेती योग्य जमिन, रुखविरुवा, खानेपानीको मुहान तथा पाईप बगाएको र विजुली बत्ति १३ दिन सम्म नआउँदा जनजीवन प्रभावित भएको |
| ३ | पहिरो | | |
| ४ | डुवान | | |
| ५ | आगलागी | २०७४ | घर पसल, ५ वटा फेन्सी पसलहरु,१ वटा तरकारी मण्डी,१ मिठाई पसल),जुता पसल क्षती |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी असिना | | |
| ८ | चटयााङ्ग | | |

| वडा न : ७ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि, डुवान | २०७१ | २२ घर धुरी पुर्णरुपमा बगाएको, आंशिक क्षति केहि घरधुरी |
| ३ | पहिरो | | |
| ४ | डुवान | | |
| ५ | आगलागी | | |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी असिना | २०७५ | २ घरको छाना उडाएका |
| ८ | चटयााङ्ग | | |

| वडा न : ८ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि | २०७२मा | घरहरुमा सामान्य क्षति |
| ३ | पहिरो | २०७१ | इत्राम खोला तटबन्धन व्यवस्थित नहुनु, घर जग्गामा र मानविय क्षति |
| ४ | डुवान | प्रत्येक वर्ष | रत्न राजमार्गको उत्तरतिर मानविय क्षति तथा अन्नबालीको क्षति |
| ५ | आगलागी | २०७९ | परालमा आगलागी भएको । |
| ६ | माहामारी | २०७७ र २०७८ | कोभिडबाट ५ जनाको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | १ जनाको मृत्यु हावाहुरीले घर क्षति भएको । |
| ८ | चटयााङ्ग | २०७८ मा | १ जनाको मृत्यु |

| वडा न : ९ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि | २०७१ मा | तल्लो प्रसेनि डुबान र घरहरु डुवानले अन्नबालीको क्षति |
| ३ | पहिरो | २०७१ | बाउन्ने चौरमा चादनिचौकिमा निकास खोलामा क्षति मानविय क्षति |
| ४ | डुवान | प्रत्येक वर्ष | प्रसेनि, निकासखोलामा  मानविय तथा अन्नबालीको क्षति |
| ५ | आगलागी | २०७९ | परालमा आगलागी भएको । |
| ६ | माहामारी | ०७७र ०७८ | कोभिडबाट  ९ जनाको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | हावाहुरीले घर क्षति भएको । |
| ८ | चटयााङ्ग | २०७८ मा | |

| वडा न : १० | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि | २०७१ | चन्द्रनगर बुदबुदि,काकेविहार,रहरपुर,मनिकापुरमा मानविय तथा अन्नबालीको क्षति |
| ३ | पहिरो | | |
| ४ | डुवान | प्रत्येक वर्ष | चन्द्रनगर बुदबुदि,काकेविहार,रहरपुर,मनिकापुर मा मानविय क्षति तथा अन्नबालीको क्षति |
| ५ | आगलागी | २०७९ | परालमा आगलागी भएको । |
| ६ | माहामारी | | कोभिडबाट , झाडापखालाबाट ९ जनाको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | हावाहुरीले घर क्षति भएको । |
| ८ | चटयााङ्ग | २०७८ मा | गोरुको मृत्यु |

| वडा न : ११ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | | |
| २ | वाढि | २०७१ र ०७८ | चारकुने, बराकुना, गाग्रेताल, मा अन्नबालिमा क्षति र केहि घरमा क्षति |
| ३ | पहिरो | २०७८ | अमृतडाँडा,चारकुनेका केहि घर मा क्षति |
| ४ | डुवान | प्रत्येक वर्ष | पिपिरा, धुलायविट र चारकुने नालामा घर, तथा पशल खेतबारि डुवान |
| ५ | आगलागी | २०७९ | परालमा आगलागी भएको । |
| ६ | माहामारी | | कोभिडबाट प्रभावित तथा केहिको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | धुलियाविटमा विद्यालयको पातामा क्षति भएको । |
| ८ | चटयााङ्ग | | |

| वडा न : १२ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | २०७२ | |
| २ | वाढि | २०७१ मा | नेवारेखोलामा र इत्राम खोलाको बाढिले खेत बारी अन्नबालीको क्षति |
| ३ | पहिरो | २०७१ | पृतना माथिको जमिनमा खोरीया पहिरोले क्षति पुगेको । |
| ४ | डुवान | प्रत्येक वर्ष | विरुवाबारी वस्तिमा प्राय डुवान भई मानविय क्षति तथा अन्नबालीको क्षति |
| ५ | आगलागी | २०७८ | आगलागी भएको |
| ६ | माहामारी | २०७७ र २०७८ | कोभिडबाट  ८ जनाको मृत्यु |
| ७ | हावाहुरी | २०७९ | हावाहुरीले घर क्षति भएको । |
| ८ | चटयााङ्ग | २०७८ मा | |

| वडा न : १३ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | २०७२ | |
| २ | वाढि,पहिरो | २०७१ साउन २८ | इन्द्रपुरटोलमा बाढिले ५ देखि ७ वटा घरहरुमा क्षति भई विस्थापित । |
| ३ | पहिरो | २०७१ सालमा | दाहागांउ, हिरोडांडा नयाँगाउ २ दिन ७३ घर विस्थापित भएका १४ घर पुर्ण विस्थापित भएको । |
| ४ | डुवान | | |
| ५ | आगलागी | | गोठ,खरको छाना भएको ५ वटा घरहरु आगलागी भएको । |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी | | |
| ८ | चटयाङ्ग | २०७९ मा | जामुन डाँडामा सामान्य क्षति |

| वडा न : १४ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | २०७२ | घर तथा विद्यालयहरुमा क्षति भएको |
| २ | वाढि | २०७१श्रावण | खेत बगाएको, |
| ३ | पहिरो | २०७१श्रावण | ४ घर विस्थापित तथा १० घर मा क्षति |
| ४ | डुवान | | |
| ५ | आगलागी | प्रत्येक वर्ष | १ देखि ३ वटा घरहरु क्षति भएको । |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी | २०७९बैसाख ३० | राम्रीकाँडा,गोठिकांडा,८ घरको पातामा क्षति भएको । |
| ८ | चटयाङ्ग | प्रत्येक बर्ष | २०७९ १हल गोरु मरेको । |

| वडा न : १५ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | २०७२ | |
| २ | वाढि, | | |
| ३ | पहिरो | २०७५श्रावण १३ | घर तथा सडक खानेपानी पाईप क्षति भएको । |
| ४ | डुवान | | |
| ५ | आगलागी | प्रत्येक वर्ष | १ देखि ३ वटा घरहरु क्षति भएको । |
| ६ | माहामारी | | |
| ७ | हावाहुरी | २०७९बैसाख ३० | पारेगाउ,रतु मालुखोला,भालुखोलामा,हरीसकाटे ४ वटा विद्यालयको पाता क्षति पुगेको । |
| ८ | चटयाङ्ग | हरेक बर्ष | क्षति हुने गरेको |

| वडा न : १६ | | | |
|---|---|---|---|
| क्रस | जोखिम /प्रकोप | समय | विपद्ले विगतमा भएको जन/धनको क्षति |
| १ | भुकम्प | २०७२ | |
| २ | वाढि | २०७१ साउन २८ | गतेको बाढिले खेतबारी बगाएको र ५,६ घरमा क्षति भएको । ५ देखि ७ वटा घरहरुमा क्षति हुने |
| ३ | पहिरो ,डुवान | बर्षेनि | पहिरोको कारण ५ देखि ७ वटा घरहरुमा क्षति हुने |
| ४ | आगलागी | | वार्षिक ३,४ घरमा क्षति हुने गरेको । |
| ५ | माहामारी | २०७१ साउन २८ | कोभिडले २ जनाको मृत्यु भएको |
| ६ | हावाहुरी | बर्षेनि | ५ देखि १० घर र विद्यालयहरु |
| ७ | चटयाङ्ग | २०७९ मा | १० देखि १२ घर क्षति |

# परिच्छेदः तीन
# विपद् जोखिम न्यूनीकरण स्थानीय निति

## ३.१ परिचय

सन् २०२०-२०३० विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रतिबद्धता सहितको, विपद् जोखिम न्यूनीकरणको लागी तयार गरिएको एक प्रकारका स्थानीय दस्तावेज – "स्थानीय विपद् जोखिम न्यूनीकरण रनीतिक कार्ययोजना आ.व. २०७८/७९ – ०८७/०८८ हो ।" यस कार्ययोजनाले विपद् व्यवस्थापनका लागि जोखिम न्यूनीकरणमा केन्द्रित भई बृहत अवधारणामा जोड दिन्छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्य ढाँचा सन् २०१५-२०३०, विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रियरणनीतिक कार्ययोजना सन् २०१८-२०३० र नगरपालिकाले तयार गरेको नितीगत दस्तवेज लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप स्थानीयकरण गरी समेटेको छ ।

## ३.२ सोच , अपेक्षित परिणाम, उद्देश्य , लक्ष्य, अवधारणा र निति तथा रणनितिहरु
### ३.२.१ सोच :

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित र दिगो विकासको अभ्यास मार्फत उत्थानशील तथा सम्बृद्ध नगरको निर्माण ।
**अल्पकालीन** र **मध्यकालीन सोच** : विरेन्द्रनगर नगरपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरको रूपमा स्थापित गर्दै स्थानीय विकासमा योगदान पुऱ्याउने तथा नेपालको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले तय गरेका लक्ष्यलाई प्राप्तगर्न योगदान पुरयाउने, यस विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको अल्पकालीन र मध्यकालीन सोच रहेको छ ।

### ३.२.२ लक्ष्यं :

जोखिम सुसूचित विकास निर्माणको अभ्यास तथा विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत नगरका महत्वपूर्ण पूर्वाधार, आधारभूत सेवा र जीविकोपार्जनका स्रोत साधनहरुमाथिको विपद् जोखिम न्यूनीकरण गरि विपद्बाट हुने मानवीय क्षति, प्रभावितको संख्या, आर्थिक क्षति, तथा संवेदनशील पूर्वाधार र आधारभूत सेवाको अवरोध कम गर्दै सुरक्षित, उत्थानशील र सम्बृद्ध नगर निर्माणमा योगदान पुऱ्याउने ।

### ३.२.३.उद्देश्य्

भुकम्प, बाढी, डुवान, आगलगी, हावाहुरी, असिना, सुख्खा खडेरी, चटयाङ, अव्यवस्थित फोहोर जन्य पदार्थ, बालिमा लाग्ने रोग किरा, महामारी, सडक दुर्घटना जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न उद्धेश्यका साथमा निम्न रणनितिक उद्धेश्य हरु रहेका छन ।

१. विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण नयाँ जोखिमको रोकथाम गर्नु ।
२. नगरको विपद् जोखिम सुशासनको सुदृढीकरण गर्ने ।
३. विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरुलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण तथा आन्तरिकीकरण गरि नगरको उत्थानशीलता विकास गर्ने ।
४. विपद् सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा बहु(प्रकोप पूर्वसूचना प्रणालीको विकास एवम विस्तार गरि सूचनामा समुदायको पहुँच बढाउने ।
५. विपद्बाट हुनसक्ने मानवीय क्षति, आर्थिक नोक्सानी तथा संवेदनशील पूर्वाधारहरुको क्षति न्यूनीकरण गर्ने ।
६. पुनर्लाभ पुनर्स्थापना तथा पुनर्निर्माणमा अझ राम्रो अझ बलियो अवधारणा अवलम्बन गरि उत्थानशीलता बृद्धि गर्ने ।

### ३.२.४ अवधारणा

१. नगर विपद् जोखिम न्यूनीकरण नीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छ ।
२. जोखिम सुसुचित र उत्थानशील विकासको अवधारणा अवलम्बन गर्ने ।
३. विपद् सुसासनको सिद्धान्त अनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शिताको आधारमा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने । .
४. जोखिम संवेदनशिल भुउपयोग योजनाले ल्याएका निति तथा क्रियाकलापहरुलाई आधार मानि विरेन्द्रनगर नगरपालिकाको विपद् जोखिम न्यूनिकरण गर्ने र बहु(प्रकोप लेखाजोखा र सूचनामा आधारित विपद् पूर्वतयारी तथा प्रतिकार्यको सिद्धान्त अवलम्बन गर्ने ।
५. विपद् जोखिम व्यवस्थापनमा विज्ञान तथा प्रविधिको अधिकतम् प्रयोगमा आधारित स्थानीय साधन, स्रोत, ज्ञान र सीपको अत्याधिक उपयोगको अवधारणा अवलम्बन गर्ने ।
६. नवप्रवर्तनमुखी वित्तिय लगानीको अवधारणा अवलम्बन गरि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको लगानी प्रवर्धन गर्ने ।
७. विपद् पश्चातको पुनस्थापना, पुनर्निर्माण तथा पुनर्लाभका क्रियाकलापहरुमा ‘‘अझ राम्रो अझ बलियो’’ अवधारण अवलम्बन गरि बहु(विपद् जोखिम न्यूनीकरण गर्ने ।
८. नेपालको संविधानिक व्यवस्था बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझा अधिकार क्षेत्रको रुपमा संघ, प्रदेश र स्थानीय तहवीच समन्वय तथा सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।

### ३.२.५.निति तथा रणनिति

- बहु प्रकोपमा आधारित जोखिम संवेदनशील भूउपयोग योजनालाई क्रमिक रुपमा कार्यन्वयन गरीने छ ।
- नगरमा आधुनिक र प्रभावकारी विपद पोर्टल लाई सस्थागन विकास गरी व्यवस्थापन गरीने छ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि आधुनिक सूचना प्रविधिमा आधारित सूचना र संचार प्रणालीको विकास गरिने ।
- अध्ययन अनुसन्धान तथा सूचनाको आदान प्रदान मार्फत विपद् जोखिम सम्बन्धी ज्ञान र चेतनाको विस्तार गरिने छ ।
- भौतिक पूर्वाधार संरचनाहरुको डिजाइन, निर्माण तथा व्यवस्थापनमा विपद् सुसुचित , सुरक्षित नीति अबलम्बन गर्न । ्
- विपद् जोखिम संवेदनशिल भौतिक योजना तथा भवन निर्माण संहिता विधि अवलम्बन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित संस्थागत संरचना निर्माण एवमसुदृढीकरण गरिने ।
- नगरपालिकामा स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र लाई सक्रिय गराई संचालन गरिनेछ ।
- नगरपालिकाका विपद् व्यवस्थापन समिति गठन सबै तहमा गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यदलहरु गठन गरि क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक एवम निजी क्षेत्रको सम्लग्नता र लगानी प्रवर्धन गरिनेछ ।
- विपद् पश्चात गरिने पुनर्लाभ, पुनर्स्थापना, र पुनर्निर्माणका कार्यमा भविष्यमा सृजना हुन सक्ने विपद् जोखिमको ख्याल गरि ‘‘अझ राम्रो अझ बलियो’’को अवधारणा अपनाइनेछ।

### ३.२.५.अपेक्षित परिणाम

विपद्का कारण मृत्यु हुने बेपत्ता भएका व्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण नगरपालिकाको कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागुगर्ने स्थानीय सरकारको अनुपात बढाउने यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

## ३.३ विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जूमा र कार्यान्वयन

विपद जोखिम न्यूनीकरणका लागि नगर स्तरीय रणनीतिक कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्दा देहाय बमोजिमका चरणहरु अपनाईको छ ।

| *चरण* | *क्रियाकलापहरु* |
|---|---|
| *चरण ५* | *कार्यन्वयन, अनुगमन र मुल्यांकन* |
| *चरण ४* | *रणनीतिक कार्ययोजना तर्जुमा  निति निर्माण र स्विकृति* |
| *चरण ३* | *लक्ष र सुचकहरु निर्धारण* |
| *चरण २* | *क्षति तथा विपद् जोखिमको विश्लेषण* |
| *चरण १* | *सस्थागत निर्णय र तयारी* |

*चित्र नं. १: विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमाका चरणहरु, स्रोतः स्थानीय विपद् जोखिम नयूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८*

### चरण १: संस्थागत निर्णय र तयारी

विरेन्द्रनगार नगरपालिकाले २०७६ माघ १६ स्थानिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना बनाएको र उक्त कार्ययोजना को मस्यौदामा रहेर विपद् व्यवस्थापनको क्षेत्रमा गरीएको जोखिम संवेदनशिल भुउपयोग योजना अन्तरगत संकलन गरीएका सुचनाहरुलाई समेटि नगर विपद् व्यवस्थापन समितिले पुनरलेखन गर्ने भनि मिति २०७७ मंसिर १५ गते को बैठकको सुझाव बमोजिम विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०३० तयार गरीएको हो । नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनको लागी निति नियम तथा योजना तयार गर्न नगर विपद् व्यवस्थापन समितिले बनाएको कार्यदल मार्फत यस नगरपालिकाको मस्यौदा विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजना लाई समिक्षा गरी तयार नेपाबाट अध्ययन गरीएको जोखिम संवेदनसिल भुउपयोग योजनाको तथ्यांक अध्यावधि गरी यो कार्ययोजना तयार गरीएको हो । वीरेन्द्र नगरपालिका विपद् व्यवस्थापन शाखा प्रमुखको अगुवाईमा नगरपालिका का १६ वटै वडा हरुको तथ्यांक संकलन गरी , पुर्व /वर्तमान जनप्रतिनिधिहरु संग परामर्स गरी तयार गरीएको जोखिम संवेदनशिल भुउपयोग योजनाका आधारमा वडाको विपद् जोखिमको अवस्था, विपद् जोखिमको ऐतिहासिक विवरण तथा विद्यमान श्रोत साधन र क्षमताको विश्लेषण गरि आएका तथ्यांकहरुलाई अध्यावधि गरी यो कार्ययोजना तयार गरीएको छ । नगर विपद् जोखिमको विश्लेषण, जोखिमको स्थानीय परिदृश्य र विपद् व्यवस्थापनमा विद्यमान नीतिगत तथा कानूनी पक्षको पुनरावलोकन गरी वीरेन्द्रनगर नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक खिमलाल देवकोटाको अध्यक्षतामा समितिका  सदस्यहरुको छलफल एवं वीरेन्द्रनगर नगर विपद व्यवस्थापन समितिका अध्यक्ष श्री मोहनमाया ढकालको अध्यक्षतामा समितिका सदस्यहरु र विषयगत क्षेत्रका प्रमुख, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहभागीतामा छलफल गरी आवस्यक सुझाव को  आधारमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयारी भयो ।

### चरण २: विपदबाट विगतमा भएको क्षति र प्रकोप जोखिमको विश्लेषण

वडा विपद् व्यवस्थापन समितिका पदाधिकारी एवं सदस्य तथा विज्ञहरुको सहभागितामा वडामा जोखिम प्रकोपको प्राथमिकता र विपदको विश्लेषण गरिएको थियो । नगरपालिकाको सवै वडाका वडा विपद् व्यवस्थापन समिति संग समन्व्य गरी तथ्यांक संकलन गरी तयार गरीएको हो । साथै वीरेन्द्रनगर नगरपालिकाले जोखिम संवेदनशिल भुउपयोग योजना र बहुप्रकोपिय अक्ययन प्रतिवेदन लाई आधार मानि बहुप्रकोप विपद विश्लेषण गर्दा टोल /वडा/नगरपालिकामा उपलब्ध भएसम्म विगत २० वर्षमा घटेका विभिन्न विपद जन्य घटनाबाट मानवीय, भौतिक, आर्थिक, सामाजिक र प्राकृतिक स्रोतहरूमा भएका क्षति सम्बन्धी तथ्याङ्क र अन्य प्रभाव सम्बन्धी जानकारी सङ्कलन र विश्लेषण गरिएको छ। साथै वीरेन्द्रनगर नगरपालिकाको जोखिम संवेदनशील भू–उपयोग योजना , भुकम्पीय प्रकोप तथा बहुप्रकोप जोखिम आंकलन अध्ययन प्रतिवेदन लाई आधार बनाई प्रकोप जोखिमको विश्लेषण गरीएको छ ।  विपद्बाट भएको जनधनको क्षति तथा विभिन्न उत्पादन मूलक तथा सेवामूलक क्षेत्रमा परेको प्रतिकूल प्रभाव सम्बन्धी जानकारी साथै स्थानीय तहको क्षमताको विवरण वडा/नगरपालिकाको पार्श्वचित्र, प्रगति प्रतिवेदन र विभिन्न अध्ययन प्रतिवेनदनहरुबाट सङ्कलन गरिएको छ । यसका साथै वडा समिति, वडा विपद व्यवस्थापन समिति र विभिन्न समूह केन्द्रित छलफल आयोजना गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। यसरी प्रकोप जोखिम विश्लेषण गर्दा भौतिक पूर्वाधार विकास, सामाजिक सेवा, सुरक्षा, मानव अधिकार, स्वास्थ्य, शिक्षा, वन, कृषि तथा पशुसेवा आदि विषय क्षेत्रसँग सम्बन्धित विपद जोखिम र जलवायु परिवर्तनका कारण हुनसक्ने थप जोखिमको प्रक्षेपित परिदृष्यको समेत लेखाजोखा गरिएको छ ।

## चरण ३: लक्ष्य र सूचकहरू निर्धारण

विपदको क्षति र जोखिम सम्बन्धी तथ्याङ्क विश्लेषण गरी तयार गरिएको आधाररेखा अनुरूप वडा, नगरपालिका र अन्य सरोकारवालाहरूसँग परामर्श गरी विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासका लक्ष्य र सूचकहरू निर्धारण गरिएको छ। लक्ष्य र सूचक निर्धारण गर्दा सम्भव भएसम्म परिमाण र गुणस्तर नाप्न सकिने तथा राष्ट्रिय र प्रादेशिक लक्ष्यहरूसँग मेल खाने गरी समय- अवधि तोकिएको छ। राष्ट्रिय र प्रादेशिक कार्ययोजनामा अल्पकालीन (सन् २०२० सम्म), मध्यकालीन (सन् २०२५ सम्म) र दीर्घकालीन (सन् २०३० सम्म) लक्ष्यहरू निर्धारण गरिएको भएता पनि समय अभावको कारणले नगर स्तरमा अल्पकालीन/मध्यकालिन लक्ष्य (सन् २०२५ (आ.व. २०८१/८२) र दीर्घकालीन लक्ष्य (सन् २०३० (आ.व. २०८७/८८) सम्म निर्धारण गरिएको छ।

## चरण ४: रणनीतिक कार्ययोजना तर्जुमा, निति निर्माण र स्वीकृति

माथिल्ला चरणहरुमा सङ्कलन एव ंविश्लेषण गरीएका सूचना तथा तथ्याङ्कहरूको आधारमा विपद जोखिमको आँकलन गरी सोको न्यूनीकरण र व्यवस्थापनका लागि आवस्यक पर्ने रणनीतिक क्रियाकलापहरूको पहिचान गरिएको छ। विस्तृत प्राविधिक अध्ययन, अनुसन्धानबाट मात्र जोखिमको वैज्ञानिक अनुमान गर्न सकिन्छ। जलवायु परिवर्तन जस्ता प्रक्रियाको विश्वसनीय जानकारी पाउन वर्षौं अध्ययन गर्नुपर्ने हुन्छ। तर छोटो समय, सिमित स्रोत साधन र जनशक्तिबाट यी सबै विषय कार्ययोजनामा समावेश गर्न सम्भव नभएकोले तत्काल सङ्कलन गर्न सकिने खालका सूचना तथा तथ्याङ्कहरूको आधारमा रणनीतिक कार्ययोजना तर्जुमा गरी समय र स्रोत बढी लाग्ने सूचना र जानकारीका लागि आवश्यक पर्ने क्रियाकलाप रणनीतिक योजना मा नै समावेश गरिएको छ। नगर स्तरीय रणनीतिक कार्ययोजनाको मस्यौदालाई नगरपालिकाको विषयगत शाखा, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र लगायतका सरोकारवालाहरूको सहभागिता रहने गरी बैठकको आयोजना समेत गरी सुझाव लिइएको छ। प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजनाको मस्यौदालाई अन्तिम रूप दिइएको छ। यसरी तयार भएको मस्यौदालाई नगर भेलामा छलफल गरी प्राप्त सुझावहरु समावेश गरी वडा समितिबाट स्वीकृत गरी जानकारी तथा कार्यान्यिन स्तरको आर्थिक तथा प्राविधिक सहयोगका लागि नगरपालिकामा पेश गरिएको छ। यो रणनीतिक कार्ययोजना राष्ट्रिय रणनीतिक योजनाका ४ प्राथमिकता प्राप्त क्षेत्रहरू र १७ प्राथमिकता प्राप्त कार्यहरुमा मेल खानेगरी तयार गरिएको छ।

## चरण ५: कार्यान्वयन, अनुगमन र मूल्यांकन

नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको रणनीतिक कार्ययोजनाको क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि देहाय बमोजिम हुनेछ।

### (क) कार्ययोजना कार्यान्वयन

स्वीकृत रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूलाई पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गरीने छ। यसरी कार्यक्रम तयार गर्दा वीरेन्द्रनगर नगरपालिका , प्रदेश एवं संघिय सरकार , नेपाल सरकार वा प्रदेश अन्तर्गतका निकाय, युएसएआईडिको तयार नेपाल परीयोजना, रेडक्रस ,स्थानीय तहमा क्रियाशील अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र नीजि क्षेत्रसंग समन्वय गरीने छ। नगरपालिकावाट स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका रणनीतिक कार्ययोजनाका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागी अल्पकालिन र मध्यकालिन योजना बनाई, नगर तहमा वार्षिक योजना बनाई कार्यान्वयन गर्ने र प्रगति विवरण तयार गरी सम्वन्धित नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन शाखामा पेश गरीने छ र उक्त प्रगति विवरणलाई विपद पोर्टलमा समावेश गरी सार्वजनिक गरीनेछ। विस्तृत कार्ययोजना परिच्छेद ६ मा समेत समावेश गरिएको छ।

### (ख) अनुगमन र मूल्याङ्कन

रणनीतिक कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन अनुगमन नगर स्तरीय विपद व्यवस्थापन समितिले गर्नेछ। वीरेन्द्रनगर नगरपालिका वातावरण तथा विपद् व्यवस्थापनको समन्वय र अनुगमन समितिको निगरानिमा रणनीतिक कार्ययोजनाको समग्र उपलब्धिको आवधिक मूल्याङ्कन तथा समिक्षा गर्दा सम्बन्धित नगरपालिकाका विषय विज्ञ, सरोकारवाला संघ संस्था, महिला एवम् विपद जोखिममा रहेका समुदाय, समूहको प्रतिनिधित्व गराइने छ। अनुगमनबाट प्राप्त सुझावका आधारमा क्रियाकलापहरू साथै योजना कार्यान्वयनको तौर तरिकामा सुधार गर्दै लगिने छ। विषयगत कृयाकलापहरुको अनुगमन गर्दा रणनीतिक योजनासँग पनि तालमेल कायम गरीने छ। अनुगमनमा देखिएका सवालहरू र सुधार गर्नुपर्ने विषयहरू कार्यान्वयन गर्ने निकायसँग छलफल गरी निर्धारण गरीने छ।

### (ग) कार्ययोजनाको पुनरावलोकन र संशोधन

योजनाको लक्ष्य हासिल गर्न निर्धारण गरिएको समय अवधि अनुरूप अल्पकालीन/मध्यकालीन र अन्तिम मूल्याङ्कन गरीने छ। रणनीतिक कार्ययोजना नगरपालिकाको आवधिक योजनाको अङ्गको रूपमा समावेश भएको अवस्थामा यसको मध्यावधी र अन्तिम समिक्षा गर्दा यस कार्ययोजनाको समेत एकैसाथ समिक्षा गर्नु उपयुक्त हुन्छ। आवधिक योजना तर्जुमा नगरी स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना छुट्टै रहुन्जेलको अवस्थामा यसको अल्पकालीन/मध्यकालीन र अन्तिम गरी दुइ चरणमा समिक्षा तथा मूल्याङ्कन गरीने छ। अल्पकालीन तथा मध्यकालीन मूल्याङ्कनबाट प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजनालाई आवश्यक परिमार्जन गरीने छ। तर, यसरी परिमार्जन गर्दा विपद न्यूनीकरणका लक्ष्यहरू र तिनका सूचकहरू यथावत राखिने छन।

### (घ) अति जोखिममा रहेका समूह तथा वर्गहरुको संरक्षण तथा समावेशितामा सुनिश्चिचता

नगर तथा वडा स्तरीय विपद व्यवस्थापन समिति, कार्यदल गठन गर्दा महिला, अपाङ्गता भएका व्यक्तिहरु, जोखिममा रहेका बस्तिका समुदाय , युवाहरुको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिने छ ।कर्णाली प्रदेशको राजधानी सुर्खेतमा अवस्थित वीरेन्द्रनगर नगरपालिका भौगोलिक रुपमा विविधता रहेको छ। तसर्थ समग्र पक्षमा विपद व्यवस्थापनको विश्लेषण, पूर्व तयारी र जनचेतना तथा अन्य क्षमता विकासका कार्यहरुमा महिला, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरीक, युवा तथा वालवालिकाहरुको , जोखिममा रहेका बस्तिहरुका समुदाय को सहभागिता सुनिश्चित गरीने छ। विपद पूर्व तयारी तथा प्रतिकार्यको समयमा हुन सक्ने सम्भावित वहिस्करण र हिंसाहरु हुन नदिने उपाएहरु जस्तै जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुको लागि छुट्टै निगरानी टोलीको गठन गर्ने व्यवस्था गरीने छ।

# परीच्छेद : चार

# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना

## ४.१. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका लक्ष्य र सूचकहरु

| सि.नं. | सूचकहरु | आधार रेखा २०२२ को औसत | अल्पकालीन / मध्यकालीन लक्ष्य २०२५ (आ.ब. २०८१/०८२) सम्म | दीर्घकालीन लक्ष्य २०३० (आ.ब. २०८७/०८८) सम्म |
|---|---|---|---|---|
| **१** | **विरेन्द्रनगर नगरपालिकामा विपद्बाट हुने मानवीय क्षति उल्लेख्य रुपमा घटाउने** | | | |
| १.१ | विपद्बाट मृत्यु हुनको वार्षिक औसत संख्या | ५ | ३ | २ |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या उल्लेख्य रुपमा घटाउने | १५३ | ७८ | ७५ |
| २ | वीरेन्द्रनगर नगरपालिकामा विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने | | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारको क्षति वार्षिक औसत संख्या | ४८७ | ३०० | १८७ |
| २.२ | विपद्बाट घाइते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | ५ | ४ | २ |
| २.३ | सडक दुर्घटनाबाट घाइते हुनेहरुको औसत संख्या | ८३२ | ४३२ | ४०० |
| २.४ | विपद्बाट क्षति हुने घरहरुको वार्षिक औसत संख्या | ४८५ | ३०० | १८५ |
| ३ | वीरेन्द्रनगर नगरपालिकामा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षति उल्लेख्य रुपमा कमगर्ने | | | |
| ३.१ | विपद्बाट नोक्शान हुने औसत आर्थिक क्षति | १२७ करोड | ५०% कम गर्ने | २५ % कम गर्ने |
| ४ | वीरेन्द्रनगर नगरपालिकामा आधारभूत सेवाहरु र महत्वपूर्ण पूर्वाधारमा विपद्ले पुर्याउने क्षति र अवरोध उल्लेख्य रुपमा कम गर्ने | | | |
| ४.१ | स्वास्थ्य संस्थाका भवनहरुको प्रवलीकरण, मर्मत सम्भार र पूननिर्माण गरी उत्थानशीलता विकास गर्ने ( हाल भएका संख्या १६) | ५ | ३ | २ |
| ४.२ | विद्यालय भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने ( जम्मा विद्यालय संख्या ..६० | २० | १२ | ८ |
| ४.३ | विद्यालयको कक्षाकोठाहरुको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने (जम्मा कक्षा ४०) | ४० | २५ | १५ |
| ४.४ | विपद् जोखिम न्यूनीकरणका लागी नमुना विद्यालय तयार गर्ने नमुना विद्यालय संख्या ४. | ४ | २ | २ |
| ४.५ | सार्वजनिक र सरकारी भवनहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास गर्ने (वडा कार्यालय .१६) | ५ | २ | ३ |
| ४.६ | खानेपानी संरचनाहरुको मर्मत सम्भार आवश्यता अनुसार नयाँ निर्माण गरी उत्थानशीलता विकास गर्ने (हाल भएका ४ वटा) | मर्मत सम्भार ४ , नयाँ निर्माण २ | मर्मत सम्भार ४, नयाँ निर्माण १ | मर्मत सम्भार ४, नयाँ निर्माण १ |
| ४.८ | वायोइन्जिनियरीङ्ग प्रविधिद्धारा नदी किनारको संरक्षण | ७ | ४ | ३ |
| ४.१० | ताल, सिमसार क्षेत्र तथा पोखरीहरुको संरक्षण | १० | ५ | ५ |
| ४.११ | जलवायुमैत्री कृषि प्रवर्द्धन - आई पि. एम पाठशाला, थोपा सिंचाई, कम्पोश्टमल, बिषादिको सुरक्षित प्रयोग सम्बन्धि तालिम, प्रदर्शिनि, रेडियो कार्यक्रम इत्यादी) | १६ | १० | ६ |

| सि.नं. | सूचकहरु | आधार रेखा २०२२ को औसत | अल्पकालीन / मध्यकालीन लक्ष्य २०२५ (आ.ब. २०८१/०८२) सम्म | दीर्घकालीन लक्ष्य २०३० (आ.ब. २०८७/०८८) सम्म |
|---|---|---|---|---|
| ४.१२ | जलवायुमैत्री गाउँ प्रवर्द्धन | १६ | १० | ६ |
| ५ | वीरेन्द्रनगर नगरपालिकामा विपद् जोखिम न्यूनीकरणको संस्थागत संरचना तयार गर्ने | | | |
| ५.१ | नगरस्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना, सकृय रुपले सञ्चालन भएको | १ | १ | १ |
| ५.२ | विपद् तथा जलवायु सूचना केन्द्र सञ्चालन भएको वडा संख्या | १६ | ८ | ८ |
| ६ | वीरेन्द्रनगर नगरपालिकामा बहुप्रकोप,पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको व्यवस्थापन र उपलब्धतामा उल्लेख्य वृद्धि गर्ने | | | |
| ६.१ | कुल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत | १०० प्रतिसत | ५० प्रतिसत | ५० प्रतिसत |
| ६.२ | नगर क्षेत्रभित्रका विपद् प्रभावित स्थानको अनुपातमा सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | १०० प्रतिसत | ५० प्रतिसत | ५० प्रतिसत |
| ६.३ | सामुदायिक खोज तथा उद्धार टोली गठन भएको वडाहरुको संख्या | १६ | १६ | १६ |

*स्रोत: इलाका प्रहरी कार्यालय, र ट्राफिक प्रहरी कार्यालयमा प्रत्यक्ष सम्पर्क र जोखिम संवेदशनशिल भूउपयोग योजना नगरपालिका, २०७८*

## ४.२. विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजनाका प्राथमिकता प्राप्त क्षेत्रहरू

वीरेन्द्रनगर नगरपालिका विपद् जोखिम न्युनिकरणको लागी प्रतिवद्ध भई जोखिम न्युनिकरणको प्रक्रियामा लागी सकेको छ । यद्धपि अहिले विपद् जोखिम न्युनिकरण सम्वन्धि बुझाई र ज्ञानको अभावले अझै पनि समुदाय स्तरमा सचेतना को स्तर कमजोर रहेको छ । यस प्रकारका समस्याहरुको सम्वोधनका लागी निधारीत लक्ष र सुचक पुरा गर्नको लागी विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मुलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्य ढाँचालाई र विपद् जोखिम न्यूनीकरणका लागि राष्टिय रणनीतिक कार्ययोजना २०७८/०७९ देखि २०८७/०८८ वा २०१८-२०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र सत्र प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन र मध्यकालीन २०७८/२०७९ देखि २०८१/०८२ वा (सन् २०२२-२०२५), दीर्घकालीन २०८१/०८२ देखि २०८७/२०८८ अथवा सन् २०२५-२०३० र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

### प्राथमिकता प्राप्त क्षेत्र १: स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाई अभिबृद्धि

१.१ जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण नक्साङ्कनमा संस्थागत र एकरुपता

१.२ प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास र सहज उपलव्धता ।

१.३ विपद् जोखिम सम्वन्धि सरोकारवालाहरुको क्षमता अभिवृद्धि ।

### प्राथमिकता प्राप्त क्षेत्र २ :स्थानिय विपद् जोखिम शासकिय पद्धतीको सुदृढिकरण

२.१.स्थानीय / समुदाय स्तरमा संस्थागत विकास

२.२.कानूनी र संस्थागत संरचना को स्थापना तथा सुदृढिकरण

२.३.विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य

२.४.विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

### प्राथमिकता प्राप्त क्षेत्र ३: विपद् जोखिम न्युनिकरण र उत्थानशिलता बृद्धिका लागी निजि एवं सार्वजनिक लगानी प्रबर्द्धन ।

३.१.जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी

३.२.विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

३.३.विपद् जोखिम न्युनिकरणको लागी नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि

३.४.सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

### प्राथमिकता प्राप्त क्षेत्र ४: विपद् पूर्व तयारी

४.१.विपद् पुर्व तयारी एवं प्रतिकार्य योजना

४.२.बहुप्रकोप सुचना प्रणालिको विकास

४.३. खोज तथा उद्दार , बहु आयामिक कार्यदल र क्षमता वृद्धि

४.४.समुदाय केन्द्रीत विपद् व्यवस्थापन कार्यक्रम

४.५.संचार सामग्री र प्रसारणमा सुधार

४.६.पुनर्लाभ, पुनस्थापना र पुननिर्माणमा अझ बलियो र राम्रो पुननिर्माण निर्माण अवधारणा प्रवर्धन

# परिच्छेदः पाँच

## ५.१.विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका प्राथमिकता प्राप्त कार्यहरु

समाज र राज्यको विपद् जोखिम सम्वन्धि बुझाईले विपद् जोखिम न्युनीकरण र व्यवस्थापनका लागि गरिने समग्र क्रियापलापहरुलाई निर्देशित गर्दछ। प्रकोपको अवस्था र जोखिम सम्वन्धि सही बुझाईले विपद् व्यवस्थापनका लागी सही निर्णय लिन र कार्यक्रमको प्राथमिकता निर्धारण गर्न सघाउ पुर्याउँछ । प्रकोपको सम्भावना, समुदायको सम्मुखता र संकटासन्न परिस्थितिले विपद् जोखिम निर्धारण गर्दछ । वीरेन्द्रनगर  नगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेको तथ्यांक जोखिम संवेदनशिल भुउपयोग योजनाले देखाएको छ ।नगरक्षेत्रमा कति जनसंख्या कृर्षि,बन क्षेत्रमा बसोबास गर्दछन जस्ता तथ्यांकको बहुप्रकोपको लेखाजोखा, जोखिम आँकलन ,भुकम्पिय जोखिम आकलन तथा नक्शांकनबाट थाहा हुने हुँदा बहु प्रकोप जोखिम सम्बन्धी अध्ययन अनुसन्धान आवस्यक हुन्छ। वीरेन्द्रनगर नगरपालिकामा नगरक्षेत्रको जमिनको स्तरीकरण गरी रातो, पहेलो, हरीयो रग मार्फत अति जोखिम, मध्यम जोखिम र न्युन जोखिम क्षेत्र पहिचान गर्ने सुरक्षित वस्ति विकास, कृर्षि क्षेत्र विकास, आर्थिक क्षेत्र विकास, सामाजिक क्षेत्र विकास, धार्मिक क्षेत्र विकास, औधोगिक क्षेत्र विकास, भौतिक क्षेत्र विकास, खुला क्षेत्र तथा नगरक्षेत्रको कुन कुन ठाउँ के कस्ता प्रकोपको जोखिममा छन्   कति समुदाय र जनसंख्या संकटासनन्न क्षेत्रमा रहेका छन भन्ने जस्ता विषयको अध्ययन गरी नगरपालिकाले जोखिम संवेदनशिल भुउपयोग योजना, उपयोग निति, भौतिक योजना तथा भवन निर्माण संवन्धि मापदण्ड तयार भएको छ। नगरक्षेत्रको वहुप्रकोप जोखिम अध्ययन, भुकम्पिय मापन अध्ययन गरी जोखिम संवेदनशिल भुउपयोग योजना तयार गरीएको छ। विपद् जोखिम तथा विपद्को सुचनालाई व्यवस्थापन गरीएको छ। यद्दपि तैपनि उक्त पहिचान गरीएका र उठान गरीएका विषय प्रसंगलाई आधार नगरक्षेत्रको उत्थानसिल नगर बनाउने ध्येयलाई साकार पार्नको लागी विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न सरोकारवालहरुलाई विपद जोखिम सम्वन्धि ज्ञान र बुझाई , शासकिय पद्धतिको सुदृढीकरण गर्न , विपद् जोखिम न्युनिकरण र उत्थानशिलता बृद्धिका लागी निजि एवं सार्वजनिक लगानी प्रबर्द्धन। विपद पुर्व तयारी एव प्रतिकार्य र पुनर्लाभ सहित नगरपालिकाका विपदका सवालहरुलाई  पहिचान र सम्वोधन गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु अल्पकालीन र  मध्यकालीन (सन् २०२२-२०२५), दीर्घकालीन (सन् २०२२-२०३०) निरन्तर गरिरहनुपर्ने क्रियाकलापको लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलाप हरु निर्धारण गरिएको छ।

### ५.१.१. प्राथमिकता प्राप्त क्षेत्र .१ः स्थानीय सरोकारवालाहरुलाई विपद् जोखिम सम्बन्धी ज्ञान र बुझाई अभिवृद्धि

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गरिने समग्र क्रियाकलापलाई समाज र राज्यको विपद्सम्बन्धी बुझाईले निर्देश गर्दछ। प्रकोपको अवस्था र जोखिम सम्बन्धी सही ज्ञानले विपद् व्यवस्थापनका लागि उचित निर्णय लिन र कार्यान्वयन गर्न मार्ग प्रसस्त गर्दछ। प्रकोपको सम्भावना, समुदायको सम्मुखता र उपलब्ध क्षमताले संकटासन्नता र जोखिमको स्तर निर्धारण गर्दछ। वीरेन्द्रनगर नगरपालिकाका बहुप्रकोपको उच्च जोखिममा रहेको बहुप्रकोप जोखिम नक्सांकनको तथ्यांकले देखाउँछ। कुन स्थानमा के कस्ता विपद्को जोखिममा छ, कति समुदाय र जनसंख्या जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्दछन् भन्ने कुरा बहुप्रकोपको लेखाजोखा, जोखिम आँकलन तथा नक्शाङ्कनबाट जानकारी हुनेहुँदा बहुप्रकोप जोखिम सम्बन्धी सूचनाहरु, व्यवस्थित तथा अद्यावधिक गरी नीति निर्माण र समुदायलाई सहज उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ। विपद् सम्बन्धी सूचना संकलन, प्रशोधन, व्यवस्थापन तथा त्यसको प्रसारको लागि वीरेन्द्रनगर नगरपालिकाको नगरपालिकाको धेरै कामहरु भएतापनि अझै गुणस्तरमा पर्याप्त क्षमता बिस्तार गर्नु आवश्यक पर्दछ। यी सवालहरुलाई सम्बोधन गरी विपद् जोखिमबारे बुझाई अभिवृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु अन्तर्गत अल्पकालीन अल्पकालीन/मध्यकालिन लक्ष्य (सन् २०२५ (आ.व. २०८१/८२) र दीर्घकालीन लक्ष्य (सन् २०३० (आ.व. २०८७/८८) निरन्तर गरिरहनुपर्ने क्रियाकलापको लागि निरन्तर अवधि किटान गरी रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

**प्राथमिकता प्राप्त कार्यहरु**

५.१.१.१. जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण नक्साङ्कनमा संस्थागत र एकरुपता
५.१.१.२ प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास र सहज उपलव्धता।
५.१.१.३ विपद् जोखिम सम्वन्धि सरोकारवालाहरुको क्षमता अभिवृद्धि।

### ५.१.१.१. जोखिमको वृहत नक्साङ्कन र सार्वजनिकरण नक्साङ्कनमा संस्थागत र एकरुपता

जोखिम संवेदनशील भू–उपयोग योजनाको वीरेन्द्रनगर नगरपालिका बहुप्रकोपको जोखिममा रहेको छ । भूकम्प, डुवान, अव्यवस्थित नालाका कारण बाढि र कटान , पहिरो, सडक दुर्घटना, आगलागी, महामारी, माटोको तरलिकरण यहाँका दोहोरिइरहने प्रमुख प्रकोपहरु हुन् । बहुप्रकोप सम्मुखता, समुदायको संकटानता र समुदायमा उपलब्ध क्षमताका आधारमा जोखिमको आँकलन, जोखिम नक्शाङ्कन र सार्वजनिकरण गरी सस्थागत गरी जोखिम न्यूनिकरणको लागी एकरुपता ल्याई सस्थागत रुपमा अपनाउन नगरपालिको लागी आवस्यक छ । जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी जोखिमको स्तरको आधारमा भू-उपयोग क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्न सकेको खण्डमा दीर्घकालीन रुपमा विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ । नगर विपद् जोखिम लेखाजोखा र आँकलनको लागि देहाय बमोजिम रणनीतिक क्रियाकलाप निर्धारण गरिएको छ ।

| क्र.स | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | जोखिम संवेदनशील भूउपयोग योजना मार्फत पहिचान गरीएका प्रमुख प्रकोपहरूको जोखिम संवेदनशील क्षेत्रहरुलाई सार्वजनिक गर्ने । | योजना बनाईएको | वडा बस्ति र नगरपालिकालाई जानकारी भएको | अल्पकालीन | नगरपालिका, वडा | नपा र साझेदार संस्था |
| २ | जोखिम संवेदनशील स्थानहरुको र खुलाक्षेत्र पहिचान सहित नक्सालाई वडा स्तरमा सार्वजनिक गर्ने । | नक्सा तयार भएको | जोखिम स्थानको जानकारी पाई समुदाय सुरक्षित भएको । | अल्पकालीन | नगरपालिका, वडा | नपा र साझेदार संस्था |
| ३ | नगरपालिकाको जोखिम संवेदनशील भू–उपयोग योजना क्रमिक रुपमा कार्यान्वयन गर्ने | सुरुवात भएको | आर्थिक/भौतिक तथा मानविय क्षति कम हुनेछ | अल्पकालीन | नगरपालिका | नपा र साझेदार संस्था |
| ४ | मुख्य पूर्वाधार संरचना (स्वास्थ्य, खानेपानी, संचार विद्युत,) र सेवाहरुका आगलागी नियन्त्रण सम्बन्धी उपकरण राख्ने, राखिएका उपकरणहरुको चेक | योजना तयार गरीएको | आगलागीको जोखिम न्यूनिकरण भएको | अल्पकालीन | नगरपालिका | नपा र साझेदार संस्था |
| ५ | पत्येक वडा कार्यलयमा फाईरस्टुगुसर व्यवस्थापन गर्ने | छलफलको सुरुवात | आगलागी व्यवस्थापन भएको | अल्पकालीन | नगरपालिका | नपा र साझेदार |
| ६ | सामुदायिक गाई वस्तु नियन्त्रणका लागि सो मार्फत उत्पादक मुलक कार्यकम संचालन गर्ने | गौशालाको सुरुवात भएको | सडक दुर्घटना कम हुने ,र जैविक कृर्षि उत्पादनमा बृद्धि भएको | अल्पकालीन | नगरपालिका | नपा र साझेदार संस्था |
| ७ | स्थानीय तहको सरोकारको विषय ( प्रकोप, सम्मुखता, सङ्कटाउन्मुखता र जोखिम) मा तथ्याङ्क संकलन गर्नको लागि एकरूपता कायम गर्न समन्वय र परिचालन गर्ने । | सुरुवात भैरको छ | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा र साझेदार संस्था |

| क.स | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ८ | लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रभावको लागि अन्य गाउँ पालिका वा नगरपालिकासँग साझेदारीमा आयोजनाको संयुक्त व्यवस्थापन गर्ने | सुरुवात भैरको छ | विपदको सामाना संयुक्तः रुपमा भएको हुने । | अल्पकालीन | नगरपालिका | नपा र साझेदार संस्था |
| ९ | सडक दुर्धटना सम्वन्धि सचेतना जानकारी सामाग्रीहरु को विकास र प्रचार गर्ने । | सुरुवात भएको छ । | सडक सुरक्षाको जानकारी भएको | अल्पकालीन | वातावरण तथा विपद् शाखा | नगरपालिका |

## ५.१.१.२ प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास र सहज उपलव्धता ।

विपद् सम्वन्धि सुचनाको संकलन, व्यवस्थापन र सहज प्रसारणले विपद जोखिममा रहाका समुदायको पहुँचमा बद्धि गर्ने, विपद् जोखिम न्यनिकरण पुर्व तयारी र प्रतिकार्य योजना बनाई कार्यन्वयन गर्ने, आधुनिक प्रविधीमा आधारीत पुर्व सुचना प्रणालिको स्थापना गरी केन्द्रया र प्रादेशिक सुचना प्रणालि संग समन्वय गर्न आवस्यक छ । साथै सुचना व्यवस्थापनलाई प्रभावकारी बनाई सहज रुपमा सवै मानिसको सरल र सहज रुपमा पहुँच पुरयानको लागी निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्ः

| क सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | बहुप्रकोपीय विपद्हरुबाट मृत्यु हुने संख्यालाई नगरपालिकाको विपद् पोर्टलमा अध्यावधि गर्ने | विपद् पोर्टल सुरुवात भएको | वस्तविक तथ्यांक अध्यावधि भई अभिलेख भएको । | अल्पकालीन | EDMS, LEOC | N/P/DEOC Ward |
| २ | बहुप्रकोपीय विपद्हरुबाट प्रभावित हुनेको संख्या नगरपालिकाको विपद् पोर्टलमा अध्यावधि गर्ने । | विपद् पोर्टल सुरुवात | वास्तविक संख्याको अभिलेख तयार भएको । | अल्पकालीन | EDMS, LEOC | नगरपालिका |
| ३ | विभिन्न किसिमका विपद्हरूबाट भएको क्षति (आर्थिक/भौतिक)को आंकलनगरी प्रभावित हुनेको संख्या विपद्पोर्टलमा अध्यावधिक गर्ने । | विपद् पोर्टल सुरुवात | वास्तविक संख्याको अभिलेख तयार भएको । | अल्पकालीन | EDMS,LEOC | नगरपालिका |
| ४ | वीरेन्द्रनगर नगरपालिका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना- प्रतिवर्ष अध्यावधिक गर्ने । | अध्यावधि भैरहेको | प्रतिकार्य गर्न सहज र जनधनको क्षति कम भएको । | निरन्तर | वा.तथा विपद् शाखा | नपा ,साझेदार संस्था |
| ५ | वीरेन्द्रनगर नगरपालिका मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना- तयार गर्ने । | तयार भएको | प्रतिकार्य गर्न सहज र जनधनको क्षति कम भएको । | प्रतिवर्ष | वा.तथा विपद् शाखा | नपा र साझेदार संस्था |
| ६ | वीरेन्द्रनगर नगरपालिकाका जोखिम स्थानमा पुर्व सुचना प्रणालिको व्यवस्थापन गर्ने । | ४ स्थानमा भएको | पुर्वसुचना प्रणालिको व्यवस्थापन भएको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |

| क्र सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ७ | विभिन्न किसिमका विपद्हरूको तथ्यांक नगरपालिका मार्फत् विपद् पोर्टलमा अध्यावधिक गर्ने । | विपद् पोर्टल सुरुवात | वास्तविक संख्याको अभिलेख तयार भएको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |
| ८ | पहिरो, हावाहुरी, आगलागी, डुवान, महामारी र विपद जोखिमबाट सुरक्षाको लागि चेतनामूलक तथा सूचनामूलक सामग्रीको विकास, प्रसार गर्ने । | भैरहेको | सुचनाको पहुच सवैको पहुचमा पुगेको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |
| ९ | जोखिम सुचना साझेदारीका लागि सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, विकास साझेदार, रेडक्रस , संचार मिडिया लगायतका सवैसँग सहकार्य गर्ने । | भैरहेको | सुचनाको पहुच सवैको पहुचमा पुगेको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |
| १० | पूर्व सूचना प्रणालीको जडान ब्यवस्थापन, आपतकालिन कार्य सञ्चालन केन्द्रहरुसंग लिंकेज (बाढी, पहिरो, अन्य), एस एम एसमार्फत सूचना प्रवाह,सामुदयिक स्वयंसेवकहरुको सूचना प्रवाहमा क्षमता अभिवृद्धि गर्ने । | योजना भैरहेको | समुदायका व्यक्तिहरु सुरक्षित भएको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |
| ११ | विपद् पूर्व सुचना तथा मौसम पुर्वानुमानको जानकारी वडा कार्यलयहरुमा डिजिटलवोर्डमा प्रदर्शनि गर्ने र एस एम एस मार्फत पठाउने । | योजना भैरहेको | समुदायका व्यक्तिहरु सुरक्षित भएको । | अल्पकालीन | EDMS,LEOC | नपा र साझेदार संस्था |
| १२ | स्थानीय आपतकालीन कार्य संचालन केन्द्र को केन्द्रिय, प्रादेशिक आपतकालिका कार्यसञ्चालन सग सम्वन्ध विस्तार | सामान्य सम्वन्ध | केन्द्र र प्रादेशिक सँग कार्यगत सम्बन्ध विस्तार भएको | अल्पकालीन | EDMS, LEOC | नपा र साझेदार संस्था |
| १३ | स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको सक्रियता बढाउनको लागी कार्यविधि कार्यन्वयन गर्ने । | कार्यविधि तयार भएको | स्थानीय आपतकालीन कार्य संचालन केन्द्रको काम नियमित | दिर्घकालिन | EDMS, LEOC | नपा र साझेदार संस्था |
| १४ | महिला, वालबालिका, बृद्धबृद्धा अपांगता भएका व्यक्ति तथा अन्य संकउन्मुख समुह र समुदाय संग जोखिम सुचना साझेदारी तथा सुचना आदान प्रदान गर्ने संयन्त्रर कार्यविधि तयार गर्ने | नभएको | संकटासन्न समुह तथा समुदाय संग जोखिम सुचना आदान प्रदान भएको । | दिर्घकालिन | EDMS, LEOC | नपा र साझेदार संस्था |

### ५.१.१.३. विपद् जोखिम सम्वन्धि सरोकारवालाहरुको क्षमता अभिवृद्धि ।

विपद् जोखिम बारे बुझाईका लागि विपद् संग सरोकार र चासो राख्ने सवै सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अनुभाव आदान प्रदान, सहजिकरण , अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु गर्नु पर्ने आवश्यकता छ । विद्यमान कानुन अध्ययन प्रतिवेदन लगाएत समग्र विपद जोखिमको अवस्थाबारे जानकारीको लागी सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने,राष्ट्रिय देखि स्थानीय स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धान केन्द्रहरु स्थापना गर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छन् ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | सवै वडामा विभिन्न समुदायका दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता संकटउन्मुख समुदायहरु र सम्पूर्ण सरोकारवालाहरुको लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रम संचालन गर्ने | SIP मा समावेश छ | संकटउन्मुख समुदायहरु र सरोकारवालाहरुको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ। | अल्पकालिन | वतावरण तथा विपद् व्यवस्थापन शाखा, | शिक्षा विकास तथा समन्व्य ईकाई, नपा, सरोकावालाह |
| २ | विद्यालयको पाठ्यक्रमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तरविषयगत पाठ्यक्रम निर्माण गरि अध्ययन, अध्यापनलाई संस्थागत गर्ने | सुरुवात भएको | विपद् व्यवस्थापन सम्बन्धी दक्ष जनशक्ति विकास भएको हुनेछ | अल्पकालिन, दिर्घकालिन निरन्तर | नगरपालिका | नपा,साझेदार, |
| ३ | विश्वविद्यालयहरु, अनुसन्धान केन्द्रहरु, विकास साझेदार निकायहरु तथा सामाजिक संस्थाहरुसँगको सहकार्यमा नगरको बहु(प्रकोप तथा जलवायु जोखिमको अध्ययन अनुसन्धान गर्ने | सुरुवात नभएको | नगरको बहु(प्रकोप जोखिमको अवस्था थाहा हुनेछ | अल्पकालिन, दिर्घकालिन निरन्तर | नगरपालिका | नपा,साझेदार, |
| ४ | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता बृद्धिका लागि विपद् व्यवस्थापन शिप विकास सम्बन्धी अभिमुखीकरणर प्रशिक्षण संचालन गर्ने | नवनिर्वाचित जनप्रतिनिधि हरु | विपद् जोखिम व्यवस्थापन सम्बन्धी बुझाईमा बृद्धि भएको हुनेछ | निरन्तर | नगरपालिका | नपा,साझेदार, |
| ५ | व्यावसायी, उद्यमी तथा निजी क्षेत्रका सेवा प्रदायकहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद् व्यवस्थापनमा उनीहरुको सहभागिता, जिम्मेवारीबोध र जवाफदेहिता बृद्धि गर्ने | सुरुवात गरीएको | निजी क्षेत्र विपद् जोखिमबारे जानकार भई आफ्नो भूमिकाबारे जिम्मेवार हुनेछन। | अल्पकालिन, दिर्घकालिन निरन्तर | नगरपालिका | नपा,साझेदार, निजि क्षेत्र |
| ६ | सडक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्ने | भैरहेको | सडक सुरक्षामा सचेतना बृद्धि भएको हुनेछ | निरन्तर | नगरपालिका | नपा,साझेदार, निजि क्षेत्र |
| ७ | पेशेवर सवारी चालकहरुको लागि नियमित सडक सुरक्षा शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने | संचालन नभएको | सडक दुर्घटना कम गर्न पेशेवर सवारी चालकहरुको क्षमता विकास भएको | अल्पकालिन | नगरपालिका | वडा कार्यालय |
| ८ | राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरु निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद् जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई विपद् जोखिम न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने। | संचालन नभएको | विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नियामक व्यवस्था बारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ। | अल्पकालीन | नगरपालिका | वडा कार्यालय |

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ९ | बस्ती स्तरमा सामुदायिक विपद् व्यवस्थापन गठन गर्ने | गठन नभएको | विपद् जोखिम न्यूनीकरण गर्ने र गराउन सजिलो हुनेछ । | अल्पकालीन | वडा कार्यालय | नगरपालिका |
| १० | विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत राष्ट्रिय र स्थानीय स्तरको कार्यक्रमको विकास गरी संचालन गर्ने | नियमित रुपमा संचालन नभएको | विपद् जोखिम सम्बन्धी चेतना अभिवृद्धि भएको हुनेछ । | अल्पकालीन | नगरपालिका | सघिय,प्रदेश र स्थानि सरकार, गैसस |
| १२ | विपद् व्यवस्थापन समिति सदस्यलाई नियमित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तालीम तथा शीप मूलक अर्न्तक्रिया कार्यक्रम आयोजना गर्ने । | भैरहेको | विपद व्यवस्थापन समिति सक्रिय भएर विपद व्यवस्थापन भएको | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |
| १३ | सबभन्दा जोखिम तथा सङ्कटासन्न समुदायका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा क्षमता अभिवृद्धि सम्वन्धि तालीम तथा चेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने । | योजना भएको | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन मा जोखिम तथा संकटासन्न समुदायको क्षमता विकास | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |
| १४ | सुरक्षित भवन निर्माणको लागी प्राविधिक तथा निजि क्षेत्रका निर्माण कर्मिहरुलाई मेसन तथा डिजाईन स्टमेट सम्वन्धि तालिम । | योजना भएको | नगरपालिकामा तालिम प्राप्त जनशक्ति तयार भै भुकम्प प्रतिरोधि घरहरु निर्माण भएको | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |
| १५ | प्राथामिक उपचार खोज तथा उद्धार, क्याडे् सम्वन्धि क्षमता विकास गर्ने । | योजना भएको | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन मा स्थानिय | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |

## ५.१.२. प्राथमिकता प्राप्त क्षेत्र २ : स्थानीय विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण :

विपद् जोखिम शासकीय पद्धतिको स्थापना तथा सुदृढीकरण जोखिम बुझ्ने तथा न्यूनीकरण र व्यवस्थापनको प्रयासको लागि पहिलो अनिवार्य शर्त हो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचनाको स्थापना तथा सुदृढीकरण र आवश्यक नीति तथा कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ। विभिन्न क्षेत्रगत विकास योजना मार्फत विपद् न्यूनीकरणका कार्यलाई मूलप्रवाहीकरण गर्न आवश्यक संयन्त्र र प्रकृया निर्धारण गर्नुपर्दछ । विपद् न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक सरोकारको सम्बोधन तथा शासकीय पद्दति समावेशी र जोखिममा रहेका समूहमैत्री पनि हुनुपर्दछ । संघीय संविधान बमोजिम भर्खरै मात्र संघीय संरचनाको अभ्यास शुरु भएको र यसै बमोजिम विपद् व्यवस्थापनका लागि पनि नयाँ अवधारणा अनुसार संघीय नीति, कानून र रणनीतिक कार्ययोजना तयार भएको अवस्थामा स्थानीय सरकारको तोकिएको काम कर्तब्य र अधिकार तथा स्थानीय आवश्यकता र संघीय र प्रादेशिक नीति तथा कार्ययोजनाले राखेको लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरि यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्नानुसार प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### प्राथमिकता प्राप्त कार्यहरु

५.१.२.१.स्थानीय / समुदाय स्तरमा संस्थागत विकास

५.१.२.२.कानूनी र संस्थागत संरचना को स्थापना तथा सुदृढिकरण

५.१.२.३.विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य

५.१.२.४.विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता

### ५.१.२.१.स्थानीय / समुदाय स्तरमा संस्थागत विकास

विपद् व्यवस्थापन तीनवटै सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले स्थानीय सरकारले पनि आवश्यकता अनुसार कानून तर्जुमा र संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नुपर्ने हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र विपद् व्यवस्थापनको शासकीय पद्धति सुदृढ र प्रभावकारी बनाउनु स्थानीय सरकारको जिम्मेवारी हो यसका लागि देहाय अनुरुपका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई आधुनिक प्रविधिपूर्ण बनाई सञ्चालन गर्ने | सुरुवात भएको | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलाप प्रभावकारी रुपमा सञ्चालन भएका । | अल्पकालीन | नगरपालिका | नपा,साझेदार संघसस्था |
| २ | नगरपालिकामा तोकिए बमोजिम विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्रलाई परिचालन गर्ने | विषयगत क्षेत्र गठन भइसकेको | विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलाप व्यवस्थित रुपले सञ्चालन गर्नका लागि विषयगत क्षेत्र परिचालन हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार संघसस्था |
| ३ | सबै विद्यालय र अस्पतालहरुमा विपद् व्यवस्थापन समिति गठन गरी कार्य जिम्मेवारी निर्धारण गर्ने | नभएको | विद्यालय, अस्पतालमा विपद् व्यवस्थापन समिति गठन भई कार्य जिम्मेवारी निर्धारण भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार संघसस्था |

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ४ | वातावरण तथा विपद् शाखा लाई व्यवस्थापन शाखालाई प्राविधिक जनशक्ति सहित व्यवस्थापन गर्ने । | प्रयाप्त नभएको | दक्ष जनशक्तिको व्यवस्थापन सहित शाखा व्यवस्थापन भएको | अल्पकालीन | नगरपालिका | नपा,साझेदार संघसस्था |
| ५ | वडा र समुदाय स्तरमा विभिन्न कार्यदल गठन, गरी क्षमता विकासलाई विस्तार र संस्थागत गर्ने | भैरहेको | विभिन्न कार्यालयले विपद् जोखिम न्यूनीकरणमा सकृय भूमिका निर्वाह गरेका हुनेछन् । | अल्पकालिन | वडा कार्यालय | नपा,साझेदार संघसस्था |
| ६ | नगरपालिकामा आवश्यकता अनुसार विपद् प्रतिकार्य र पूर्व तयारीको लागि विषयगत क्षेत्र (Thematic Cluster) गठन गरि परिचालन गर्ने । | छलफल भएको | विपद् प्रतिकार्य र पूर्व तयारीको लागि विषयगत क्षेत्र परीचालन भएको । | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |
| ७ | नगरपालिकाका सबै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति पुर्नगठन गर्ने , | भएको | वडा तहमा विपद् जोखिम व्यवस्थापनको संरचना तयार हुनेछ | अल्पकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| ८ | स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, बनाई परीचालन गर्ने । | मस्यौदा मा छलफल भएको | विपद् आएको बेला सहयोग हुनेछ | अल्पकालिन | वडा कार्यालय, तयार [illegible] | नपा,साझेदार संघसस्था |

## ५.१.२.२.कानूनी र संस्थागत संरचना को स्थापना तथा सुदृढिकरण

विपद् व्यवस्थापन तीनवटै सरकारको साझा अधिकार क्षेत्रमा पर्ने भएकोले स्थानीय सरकारले पनि आवश्यकता अनुसार कानून तर्जुमा र संस्थागत संरचना स्थापना तथा विद्यमान संरचनाहरुको सुदृढीकरण गर्नु पर्ने हुन्छ । आफ्नो क्षेत्राधिकारभित्र विपद् व्यवस्थापनको शासकीय पद्दति सुदृढ र प्रभावकारी बनाउनु स्थानीय सरकारको जिम्मेवारी हो । जसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्रसं | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को प्रभावकारी कार्यान्वयन गर्न आवस्यक नियमावलि तथा कानुन निर्माण गर्ने । | नभएको | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन शासन व्यवस्थित र सुदृढ गर्न नियमावली तयार भएको | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| २ | नगरको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गर्ने | नभएको | स्थानीय तहमा प्रभावकारी विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| ३ | स्थानीय सडक सुरक्षा रणनीति तयार गर्ने | नभएको | स्थानीय सडक सुरक्षा रणनीति तयार भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |

| क्रसं | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ४ | सीट बेल्ट, हेलमेटको प्रयोग र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरुलाई कडाईका साथ लागु गर्ने | प्रयोग भैरहेको | सडक प्रयोगकर्ताहरु सचेत र अनुशासित भई सडक दुर्घटना कम भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| ५ | राष्ट्रिय भवन निर्माण संहिता लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रहरूको लागि भवन संहिता अनुरुप भवन निर्माण कामका लागि कडाईका साथ लागु गर्ने । | छलफल भैरहेको | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था लागु भएको हुनेछ | निरन्तर | नगरपालिका | नपा,साझेदार |
| ६ | स्थानीय भवन मापदण्डको प्रभावकारी रुपमा लागू गर्ने | भैरहेको | बाढी र भूकम्प प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था लागु भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| ७ | विपद् पश्चातको खोजउद्धार तथा राहत वितरण स्थानीय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने । | नभएको | उद्धारराहत सम्बन्धी मापदण्ड तथा राहत व्यवस्थापन प्रभावकारी भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| ८ | स्थानीय भू उपयोग नीति, बनाई लागु गरी कार्यान्वयन गर्ने । | छलफल भएको | सुरक्षित नगरपालिका तथा उत्थानसिल समुदाय भएको हुनेछ | अल्पकालीन | नगरपालिका | नपा,साझेदार |
| ९ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीति तथा रणनीतिक कार्ययोजना तयार गर्ने | भैरहेको | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीति तथा रणनीतिक कार्ययोजना भएको | अल्पकालिन | नगरपालिका | नपा,साझेदार |
| १० | पूर्वाधार योजनाहरुको , नालाहरुको व्यवस्थापनको लागी सम्भाव्यता अध्ययन, डिजाइन र निर्माणका लागि जोखिम सुचूचित र सुरक्षित हुने गरि मापदण्ड र मानकहरु तर्जुमा गर्ने । | भैरहेको | पूर्वाधार योजनाको उत्थानशील डिजाइन र निर्माणका लागि मापदण्ड तयार भएको हुनेछ | अल्पकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| ११ | नगरका क्षेत्रगत र नियमित विकास योजनाहरुमा विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरण गर्न कार्यविधि तयार गर्ने | नभएको | विपद् जोखिम न्यूनीकरण मूल प्रवाहीकरणका लागि कार्यविधि तयार भएको हुनेछ । | मध्यकालिन निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १२ | विपद् जोखिम प्रभाव मूल्यांकनलाई वातावरण प्रभाव मूल्यांकन निर्देशिकामा समावेश गरि कार्यान्वयन गर्ने । | नभएको | विपद् जोखिम प्रभाव मूल्यांकनको लागि निर्देशिका तयार भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |

| क्रसं | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १३ | प्राकृतिक स्रोत तथा जलाधार व्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम र कार्ययोजनाहरुमा विपद् जोखिम न्यूनीकरण समावेश गर्ने । | नभएको | प्राकृतिक स्रोत र जलाधार व्यवस्थापनमा जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १४ | स्थानीय आपत्कालीन कार्य संचालन विधि तयार गरि कार्यान्वयन गर्ने | मस्यौदा तयार | आपत्कालीन कार्य संचालन केन्द्रको कार्यसंचालन विधि तयार भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १५ | स्थानीय आपत्कालीन कोष संचालन विधि लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | कार्यन्वयन भएको | आपत्कालीन कोष संचालनको लागि कार्यविधि कार्यन्वयन भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १६ | विपद् पश्चातको खोज, उद्दार तथा राहत सम्बन्धी स्थानीय मापदण्ड तयार गरि कार्यान्वयन गर्ने | नभएको | खोज उद्दार तथा राहत व्यवस्थापन प्रभावकारी भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १७ | निजी क्षेत्रहरुका व्यवस्थापन अभ्यासहरुमा विपद् जोखिम न्यूनीकरण एकिकृत गर्न निर्देशिका तयार गर्ने । | नभएको | निजी क्षेत्रमा विपद् जोखिम न्यूनीकरणको अभ्यास भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १८ | विपद्को समयमा पशुपन्छीको उद्दार र हेरचार सम्बन्धि निर्देशिका तयार गर्ने | नभएको | आपत्कालीन अवस्थामा पशुपन्छी हेरचारको व्यवस्था भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| १९ | उच्च जोखिममा रहेका बालबालिका, बृद्धबृद्धा, महिला, अपांगता भएका व्यक्तिको आपत्कालीन अवस्थामा सुरक्षा र संरक्षणको लागि निर्देशिका तयार गरि कार्यान्वयन गर्ने । | नभएको | आपत्कालीन अवस्थामा संकटउन्मुख समूहको संरक्षण भएको हुनेछ | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| २० | संवेदनशील/महत्वपूर्ण पूर्वाधारहरुको संरक्षण प्रबलिकरण योजना तयार गर्ने । सङ्कटासन्नता तथा क्षमता अध्ययन गरी वार्षिकरूपमा अद्यावधिक गर्ने । | भैरहेको | पूर्वाधारहरुको संरक्षण प्रबलिकरण योजना तयार गरी कार्यन्वयन भएको । | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| २१ | जोखिम संवेदनशील भूउपयोग योजनाले पहिचान तथा नक्शांकन गरेका जोखिम तथा संकटासन्न क्षेत्रको समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण तथा सुरक्षित हुने अन्य क्रियाकलाप तय गरी कार्यानवयन गर्ने । | नभएको | जोखिम तथा संकटासन्न क्षेत्रको समुदायलाई सुरक्षित वस्ति स्थान्तरण निति .तयार भई कार्यन्व्यन भएको । | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |
| २२ | संवेदनशील/महत्वपूर्ण पूर्वाधार संरक्षण योजना तथा रणनीति बनाउने । | नभएको | संवेदनशील पूर्वाधार संरक्षण योजना तथा रणनीति तयार भएको । | मध्यकालिन, निरन्तर | नगरपालिका | नपा,साझेदार |

## ५.१.२.३.विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि र सहकार्य :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी र परिणाममुखी बनाउन नगरपालिका स्वयम र यसमा संलग्न सबै निकायहरुको क्षमता बढाउन आवश्यक हुन्छ। त्यसैगरि सरकारी, गैर सरकारी, समुदायिक तथा निजी क्षेत्रको सहभागिता र सहकार्यबाट विपद् जोखिम व्यावस्थापनमा गुणात्मक परिणाम ल्याउन सकिन्छ। यसका लागि देहाय बमोजिमका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापनमा सम्बद्ध सरकारी तथा गैर सरकारी संस्थाहरुको क्षमता वृद्धि अभिवृद्धिका लागि एक आपसमा आदान प्रदानका कार्यक्रम तथा विकास साझेदार संस्थाहरुवीच सहकार्य गर्ने। | कार्यमञ्च गठन, परीचालन | विपद् व्यवस्थापनमा काम गर्ने संस्थाहरुको क्षमता वृद्धि भएको | अल्पकालीन, मध्यकालिन | नपा | नपा,साझेदार |
| २ | समुदायमा गठन हुनलागेका सामुदायिक विपद् व्यवस्थापन समितिहरुलाई वडा कार्यालयमा सूचीकृत गरी विपद व्यवस्थापन समिति र सामुदायिक विपद् व्यवस्थापन समितिको सञ्जाल निर्माण र बिस्तार गर्ने | नभएको | सामुदायिक विपद् व्यवस्थापन समितिको स्थानीय विपद् व्यवस्थापन समितिसँग सहज पहुँच भएको हुनेछ | अल्पकालीन, मध्यकालिन | वडा | नपा,साझेदार |
| ३ | विपद् जोखिम व्यवस्थापनमा पूर्वसूचना प्रणालीका लागि सम्बन्धित स्थानीय तहबीच संयन्त्र तयार गर्ने | भैरहेको | अन्तर स्थानीय तहबीच समन्वय भएको | अल्पकालिन | नपा | सरोकारवाला |
| ४ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सञ्जाल जस्तै स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण संजाल (MPDRR Platefarm) सक्रिय गराउने | भैरहेको | सरोकारवालाहरुको सहभागिता सुनिश्चित भएको। | अल्पकालिन | नपा | सरोकारवाला |
| ५ | विपद् व्यवस्थापनमा संबद्ध संस्थाहरुको क्षमता बृद्धिका लागि एक आपसमा आदान प्रदानका कार्यक्रम तथा विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्ने | भैरहको | विपद् व्यवस्थापनमा काम गर्ने संस्थाहरुको क्षमता बृद्धि भएको | मध्यकालीन | नपा | सरोकारवाला |
| ६ | भगिनी नगरपालिका लगायत अन्य नगरपालिका तथा निकायहरुसंग सिकाई आदान प्रदान तथा सहकार्यका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने। | भैरहेको | भगिनी नगरपालिकाको जोखिम व्यवस्थापनमा सहकार्य भएको। | मध्यकालीन | नपा | सरोकारवाला |
| ७ | विभिन्न निकायहरुकासंग समन्वय गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र पुनर्निर्माणको लागि उचित बजेट विनियोजन गर्ने। | नभएको | पुननिर्माण कोष जम्मा भएर प्रयोग भएको हुने छ। | मध्यकालीन | नपा | सरोकारवाला |
| ८ | निजी क्षेत्रलाई समेत संलग्न गराउँदै तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बाह्य लगानी स्रोत बढाउने। सङ्कटासन्न समुदायलाई समेट्न जोखिम हस्तान्तरण संयन्त्र सुरु गर्ने तथा जोखिम स्थानन्तरण सम्वन्धि निति बनाउने। | नभएको | जोखिम हस्तान्तरण संयन्त्र सुरु भई जोखिम स्थानन्तरण सम्वन्धि निति तयार भएको। | मध्यकालीन | नपा | सरोकारवाला |

## ५.१.२.४.विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक तथा सामाजिक समावेशीताको सुनिश्चितता :

महिला, बालबालिका, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति  र सिमान्तकृत समुदाय विपद्को बढी जोखिममा हुन्छन । विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु यस प्रकारका जोखिममा रहेका समूहलाई प्राथमिकतामा राखेर सञ्चालन गर्नुपर्दछ र उनीहरुको अर्थपूर्ण सहभागिता मार्फत समावेशीताको सुनिश्चितता गर्नु पर्दछ। विपद् जोखिम न्यूनीकरणमा समावेशीकरणको सुनिश्चितता गर्न निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार गर्ने । | नभएको | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना तयार भएको । | मध्यकालीन | नपा | महिला तथा बालबालिका शाखा, साझेदार सस्था |
| २ | विपद्संग सम्बन्धित संस्थागत संरचनामा लैङ्गिक समानता तथा साजिक समावेशी मापदण्ड पालना गर्नु पर्ने । | छलफल भएको | विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनमा लैगिक समानता तथा समावेशिकरण भएको | मध्यकालीन | नपा | महिला तथा बालबालिका शाखा, साझेदार |
| ३ | विपद् जोखिम व्यवस्थापनका कार्यक्रममा जोखिममा रहेका नागरिक र समुदायको पहुँच प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि समुदायस्तरमा आमा समुह तथा टोल विकास समुह सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गर्ने | भैरहेको | विपद् जोखिम व्यवस्थापनका लागि नगरमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् | मध्यकालीन | नपा | महिला तथा बालबालिका शाखा, साझेदार |
| ४ | सीमान्तिकृत समूह, महिला,अपाङ्गता भएका ब्यक्ति, बालबालिका, तथा बृद्धबृद्धा जस्ता अति संकटान समुदायका लागि प्राथमिकताका आधारमाविपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमको विकास गरी कार्यान्वयन गर्ने | भैरहेको | समावेशीकरणका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ | मध्यकालीन | नपा | महिला तथा बालबालिका शाखा, साझेदार |
| ५ | विपद् व्यवस्थापनका सबै चरणहरुमा समूह, महिला, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, तथा बृद्धबृद्धा जस्ता अति संकटान समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नका लागि निर्देशिकासहित अनुगमन संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने । | नभएको | विपद् व्यवस्थापनका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित भएको । | मध्यकालीन | नपा | महिला तथा बालबालिका शाखा, साझेदार |

### ५.१.३. प्राथमिकता प्राप्त क्षेत्र ३ : विपद् जोखिम न्युनिकरण र उत्थानशिलता बृद्धिकालागी निजि एवं सार्वजनिक लगानी प्रबर्द्धन

विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्धनको मूलभूत उद्देश्य उत्थानशीलता बृद्धिका लागि स्रोत परिचालन मार्फत विद्यमान जोखिम न्यूनीकरण गरि सम्भावित जनधनको क्षतिलाई कम गर्नु हो । सार्वजनिक निजी लगानी सुनिश्चित गरेर जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकिकरण तथा अन्तरिकीकरण मार्फत भविष्यमा सृजना हुन सक्ने सम्भावित जोखिमका अन्तरनिहित कारणहरुको सम्बोधन गरि जनधन तथा विकास पूर्वाधारहरुलाई सुरक्षित गर्न सकिन्छ । विभिन्न क्षेत्रगत विकास योजनामा जोखिम न्यूनीकरणका उपायहरुलाई आन्तरिकीकरण गर्ने र सार्वजनिक लगानी सुनिश्चित गर्ने, निजी क्षेत्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहभागिता र साझेदारी बढाउँदै लगानी बृद्धि गर्ने र सामाजिक सुरक्षा, बीमा तथा विपद् हिस्सेदारीका विभिन्न उपायहरुमार्फत समुदायको उत्थानशीलता बृद्धि गर्न सहयोग पुऱ्याउने रणनीतिक क्रियाकलापहरु यस प्राथमिकता प्राप्त क्षेत्रमा समेटिएको छ । यस प्राथमिकता प्राप्त क्षेत्र  अन्तर्गत देहायबमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

#### प्राथमिकता प्राप्त कार्यहरु

५.१.३.१. जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी

५.१.३.२.विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

५.१.३.३.विपद् जोखिम न्युनिकरणको लागी नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि

५.१.३.४.सामाजिक सुरक्षा तथा  बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

### ५.१.३.१.जिविकोपार्जन र उत्थानशिल क्षेत्रमा लगानी :

सम्भावित तथा विद्यमान विपद् जोखिम न्यूनीकरणका उपायहरु मार्फत उत्थानशीलता बृद्धिका लागि विपद्का अन्तरनिहित कारणहरुको सम्बोधन गरि विकास कार्यमा मूल प्रवाहीकरण गर्न आवश्यक हुन्छ । सार्वजनिक निजी लगानी सुनिश्चित गरेर जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई विकास निर्माणका कार्यमा एकीकरण तथा आन्तरिकीकरण गरी भविष्यमा सृजना हुनसक्ने सम्भावित जोखिमको अन्तरनिहीत कारणहरुको सम्बोधन गरी जनधन तथा विकास पूर्वाधारहरुलाई सुरक्षित गर्न सकिन्छ । यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | नगरको बार्षिक योजना छनोट प्रकृयामा विपद् जोखिम न्यूनीकरण सहितका योजनाहरुलाई प्राथमिकता दिने । | प्रयाप्त बजेट नभएको | नियमित योजनामा विपद् जोखिम न्यूनीकरण समावेश भएको हुनेछ | मध्यकालिन | नपा | नपा |
| २ | नगरपालिकाले पूर्वाधार निर्माणका कार्यहरु गर्दा नयाँ मात्र नभई बलियो र सुरक्षित निर्माणको बिधि अवलम्बन गर्ने | भैरहेको | पूर्वाधार संरचनाहरु विपद् बाट सुरक्षिते भएको । | मध्यकालिन | नपा | नपा |
| ३ | नगरमा जोखिममा रहेका पूर्वाधारहरु ( विद्यालय, अस्पताल, स्वस्थ्य चौकी, खानेपानी तथा सरसफाईका संरचना, सरकारी तथा सर्वजनिक भवनहरु, ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरु) प्रबलीकरण गर्न लगानी बढाउने | भैरहेको | जोखियुक्त पूर्वाधारहरु सुरक्षित भएका | निरन्तर | नपा | नपा |

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ४ | नगर भित्रका सबै विद्यालयहरुलाई मजबुद संरचनाको रुपमा निर्माण, पुनर्निर्माण, तथा प्रबलीकरण गरि सुरक्षित आपत्कालीन आवासिय सेवा समेत दिन सक्ने गरि विकास गर्ने । | नभएको | विद्यालयहरु विपद् उत्थनशील र सुरक्षित भएका । | दिर्घकालिन | नपा | नपा |
| ५ | वृहत विद्यालय सुरक्षा अवधारणाको कार्यान्वयन गरि सबै विद्यालयहरुलाई सुरक्षित विद्यालय बनाउने । | नमएको | सबै विद्यालय विपद् जोखिमबाट सुरक्षित हुनेछन । | दिर्घकालिन | नपा | नपा |
| ६ | आवश्यक ठाउँमा पोखरीहरुको निर्माण तथा संरक्षण गरि पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने । | नभएको | बाढी, खडेरी तथा आगलागीको क्षति कम भएको हुनेछ । | दिर्घकालिन | नपा | नपा |
| ७ | वातावरण संरक्षण, नगरको हरियाली, जैविक प्रविधहिरुको लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने । | सुरुवात भएको | ह्रीयालि प्रवर्धन भएको | दिर्घकालिन | नपा | नपा |
| ८ | पारिस्थितिकीय प्रणाली सन्तुलन संरक्षणको लागी नविनतम अभ्यासहरु गर्ने , पानि संरक्षण , वर्षाको पानि संरक्षण, भुमिगत जल प्रवर्धन (जमिनको वाटर रीचार्ज) | योजना भएको | हरीयालि प्रवर्धन भएको | दिर्घकालिन | नपा | नपा,साझेदार |
| ९ | बायो ईन्जिनियरिङ्ग, ग्रीन बेल्ट डेभेलपमेण्ट र खोलाको प्रभावक्षेत्र, वहावक्षेत्र पहिचान गरी पानिको निकास ,वाढि व्यवस्थापन गर्ने | योजना भएको | बाढि र डुवान मुक्त नगर भएको । | दिर्घकालिन | नपा | नपा |
| १० | वीरेन्द्र नगर नगरपालिकामा पानिको निकास प्रणाली DRAINAGE SYSTEM को सम्भाव्यता अध्ययन र व्यवस्थापन गर्ने र गुरुयोजना बनाई व्यवस्थापन गर्ने । | योजना भएको | नगरपालिकामा नालाहरुको व्यवस्थापन गर्न गुरुयोजना तयार भएको | दिर्घकालिन | नपा | नपा |
| ११ | अर्गानिक कृषि प्रवर्धन तथा स्थानिय जातका कृर्षि विउ जैविक विविधता संरक्षण गने । | सुरुवात भएको | जैविक कृर्षि प्रवर्धन भई नगर जैविक विउमा निर्भर भएको | दिर्घकालिन | नपा | नपा |
| १२ | प्लाष्टिक जन्य पदार्थ,सरसफाई तथा फोहोर व्यवस्थापनको लागी पल्लाष्टिक जन्य र गैर पलाष्टिक जन्य फोहोर संकलन र व्यवस्थापन गर्ने । | सुरुवात भएको | फोहोर मैला सम्वन्धि कार्यविधि कार्यन्वयन भएको । | दिर्घकालिन | नपा | नपा |
| १३ | वडा तथा टोलहरुमा सरसफाई अभियान सञ्चालन भई पुर्ण स्वच्छ वडाहरु घोषणा गर्ने । | सुरुवात भएको | सफा वडा घोषणा संख्यामा बृद्धि | दिर्घकालिन | नपा | नपा |

## ५.१.३.२.विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

नगरपालिकाको बार्षिक योजना तथा कार्यक्रमहरु तथा विकास निर्माणका ठूला परियोजनाहरु र सडक निर्माण जस्ता कार्यमा जोखिम आँकलनको आधारमा निश्चित प्रतिशत बजेट विपद् जोखिम न्यूनीकरणको लागि छुट्याउने अनिवार्य व्यवस्था गरि विपद् जोखिम न्यूनीकरणको लागि सार्वजनिक लगानी बढाउन सकिन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको बार्षिक विकास बजेटको कम्तीमा ७ प्रतिशत विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने | हाल नभएको | विपद् जोखिम न्युनीकरणका लागि लगानी सुनिश्चित भएको | दिर्घकालिन ,निरन्तर | नपा | नपा |
| २ | सडक निर्माण लागतको कम्तिमा ५ प्रतिशत रकम सडक सुरक्षाका लागि छुट्याउने व्यवस्था गर्ने | नभएको | सडक दुर्घटनाको जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ | दिर्घकालिन ,निरन्तर | नपा | नपा |
| ३ | विकास आयोजनाको बजेटबाट विपद् पश्चात पुनर्निर्माणमा उपयोगी गर्ने अनुमति दिन बजेट रकमान्तरका लागि प्रकृया स्थापित गर्ने | | पुनर्निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ | दिर्घकालिन ,निरन्तर | नपा | नपा |
| ४ | विकास आयोजनाको बजेटबाट विपद् पश्चात पुनः निर्माणमा उपयोग गर्ने अनुमति दिन बजेट रकमान्तरणका लागि प्रकृया स्थापित गर्ने | नभएको | पुनः निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ | दिर्घकालिन ,निरन्तर | नपा | नपा |
| ५ | नगरपालिकाको बार्षिक बजेट पद्धतिमा विपद् जोखिम व्यवस्थापन बजेट कोडको व्यवस्था गर्ने | नमएको | बार्षिक रुपमा विपद् जोखिम न्यूनीकरणको लागि वजेट सुनिश्चित भएको । | दिर्घकालिन | नपा | नपा |

## ५.१.३.३.विपद् जोखिम न्युनिकरणको लागी नीजि क्षेत्रको संलग्नता र लगानी वृद्धि

वीरेन्द्रनगर नगरपालिका शहरी नगरपालिका भएको जहा उधोग बाणिज्य संघ तथा निजि क्षेत्रबाट पनि विभिन्न कार्यकमा सहकार्य भएर आईरहेको अवस्था भएकोले पनि निजी क्षेत्रलाई विपद् जोखिम न्यूनिकरणमा संलग्न गराई हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न सकिन्छ । निजी क्षेत्रले एकातिर आफ्नै व्यवसाय र कर्मचारीहरुको सुरक्षा र व्यवसायिक निरन्तरताको लागि लगानी गर्नु पर्दछ भने अर्कोतर्फ व्यवसायिक सामाजिक उत्तरदायित्वको रुपमा विपद् जोखिम न्यूनीकरणका लागि लगानी गर्न र व्यवसायिक रुपमा सरकारसँग साझेदारी र नवप्रवर्तनका लागि लगानी गर्ने वातावरण तयार गर्नु पर्दछ । विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको साझेदारी र लगानी बृद्धिका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | व्यापारी, व्यवसायी,व्यावसायिक सस्था, र उद्यमीहरुलाई व्यवसाय निरन्तरता योजना निर्माण गर्न प्राविधिक सहयोग गर्ने । | नभएको | व्यवसाय निरन्तरता योजना तयार भइ कार्यान्वयन भएको हुनेछ | दिर्घकालिन | उधोग शाखा | नपा |
| २ | नीजि क्षेत्रलाई विपद् व्यवस्थापनमा संलग्न गराउन कर छुट जस्ता सहुलियत दिई आवद्ध गराउने | सुरुवात भएको | विपद् जोखिमको सहयोग अदान प्रदान हुनेछ | दिर्घकालिन | नपा | नपा |
| ३ | व्यावसायिक सामाजिक उत्तरदायित्व मार्फत विपद जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनर्लाभ र पुनर्निर्माणका लागि निजी क्षेत्रको लगानी परिचालन गर्ने | सुरुवात भएको | विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | दिर्घकालिन | नपा | नपा |
| ४ | विपद् जोखिम लगानी तथा जोखिम हिस्सेदारीका लागि सार्वजनिक, निजी संयुक्त लगानी प्रवर्द्धन गर्ने कार्यक्रम तयार गरी परिचालन गर्ने | सुरुवात भएको | विपद् जोखिम न्युनीकरणमा निजी क्षेत्रको लगानी र साझेदारी वृद्धि भएको हुनेछ | दिर्घकालिन | नपा | नपा |
| ५ | वित्तीय संस्था, सहकारी तथा सामुदायिक संस्थाहरु मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज वातावरणको व्यवस्था गर्ने | नभएको | विपद् जोखिम न्यूनीकरणका लागि निजी तथा सामुदायिक लगानी वृद्धि भएको | मध्यकालीन | नगरपालिका | उद्योग बाणिज्य संघ, |
| ६ | सार्वजनिक स्थानमा रेस्टिङ्ग स्टेसन, विश्राम स्थल, स्मारक बनाई पर्यटन प्रवर्धन गर्न निजि क्षेत्रलाई परीचालन गर्ने । | नभएको | निजि क्षेत्रले विपद व्यवस्थापनमा सहयोगको सुनिश्चिता भएको | दिर्घकालिन | नपा | नपा |
| ७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लगानीको लागि निजी क्षेत्रलाई सहभागी गराउने । | सुरुवात भएको | निजि क्षेत्रले विपद व्यवस्थापनमा सहयोगको सुनिश्चिता भएको | दिर्घकालिन | नपा | नपा |

| क.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ८ | व्यापारी, व्यवसायी र उद्यमीहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन, उत्थानशील व्यवशाय सञ्चालन तथा विपद जोखिम वित्त तथा बीमा सम्वन्धि कार्यको लागि सहकार्य, जवाफदेहीता, सहभागिता र जिम्मेवारीबोध बढाउने । | नभएको | विपद् जोखिम न्युनिकरणको लागी विमा गर्ने को सख्या बृद्धि भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा |
| ९ | वीमा संयन्त्र स्थापना गरी सबभन्दा सङ्कटासन्न समुदायमा र प्रत्यक्ष कामगर्ने व्यक्ति केन्द्रित विमा कार्यक्रम सञ्चालन गर्ने । | नभएको | विमा सयन्त्र स्थापना भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १० | विपद् घटनापछिको वित्तीय पुनर्लाभ संयन्त्रको विकास गर्न वीमा कम्पनीसँग समन्वय बैठक आयोजना गर्ने । | नभएको | पुनर्लाभ संयन्त्र विकास सम्वधि विमा कम्पनिहरुको सम्झौता संख्या | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ११ | व्यावसायिक सामाजिक उत्तरदायित्व मार्फत विपद् जोखिम न्यूनीकरण पूर्वतयारी, पुनर्लाभ र पुनर्निमाणका लागि निजी क्षेत्रको लगानी परिचालन गर्ने | नभएको | विपद् व्यवस्थापनमा निजी क्षेत्रको लगानी परिचालन भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १२ | विपद् जोखिम लगानी तथा जोखिम हिस्सेदारीका लागि सार्वजनिक निजी संयुक्त लगानी प्रवर्धन गर्न कार्यक्रम तयार गरि प्रवर्धन गर्ने | नभएको | विपद् व्यवस्थापनमा निजी क्षेत्रको लगानी र साझेदारी बृद्धि भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १३ | वित्तिय संस्था, सहकारी तथा सामुदायिक संस्थाहरु मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने | नभएको | विपद् जोखिम न्यूनीकरणका लागि निजी तथा समुदायिक लगानी बृद्धि भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १४ | विपद् व्यवस्थापन तथा न्यूनीकरणका लागि आवश्यक ज्ञान, उपकरण तथा प्रविधिको नवप्रवर्तनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने | नभएको | नवप्रवर्तनका लागि निजी क्षेत्रले लगानी गरेको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |

### ५.१.३.४.सामाजिक सुरक्षा तथा बीमा जोखिम हिस्सेदारी मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

विपद् पश्चात वितरण गरिने राहतलाई सामाजिक सुरक्षा,जीवन बीमा, कृषि तथा पशु बीमा, सम्पत्ति बीमा जस्ता जोखिम हिस्सेदारीका उपायहरु मार्फत क्रमशः प्रतिस्थापन गर्न जरुरी छ । सामुदायिक तथा सामाजिक सुरक्षाका क्रियाकलापहरुलाई जोखिम व्यवस्थापनसँग जोडेर संचालन गर्नुपर्दछ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद्को जोखिममा रहेका समूह, समुदाय तथा नागरिक जीवन बीमाको व्यवस्था गर्ने | नभएको | जोखिममा रहेका नागरिककोउत्थान शीलता वृद्धि भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |

| क.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| २ | घर, भवन तथा निजी सम्पत्तिको बीमाको लागि नीतिगत रुपमा सहजीकरण गर्ने | नभएको | विपद्बाट हुने नोक्शानीको क्षतिपूर्ति सुनिश्चित भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ३ | कृषि तथा पशु बीमा कार्यक्रमलाई नगर क्षेत्रका सबै बस्तीहरुमा बिस्तार गर्ने | नभएको | कृषि बिमाको सुरुवात भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ४ | नगरका सार्वजनिक भवनहरु, विद्यालय,अस्पताल,स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरुको विपद् जोखिम बीमाको व्यवस्था गर्ने | नभएको | सार्वजनिक भवन तथा पूर्वाधारहरुको विपद् बीमा भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ५ | जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने । | नभएको | योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार भएकृ | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ६ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लगानीको लागि निजी क्षेत्रलाई सहभागी गराउने । | गरीएको | विपद् जोखिम व्यवस्थापनको लागी निजि क्षेत्रको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ७ | व्यापारी, व्यवसायी र उद्यमीहरुलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई विपद जोखिम न्युनिकरण तथा ब्यवस्थापन, उत्थानशील ब्यवशाय सञ्चालन तथा विपद जोखिम वित्त तथा बीमा सम्वन्धि कार्यको लागि सहकार्य, जवाफदेहीता, सहभागिता र जिम्मेवारीबोध बढाउने । | नभएको | विपद् जोखिम व्यवस्थापनका लागी उधमिहरुको व्यावसायिक योजना तयार भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ८ | वीमा संयन्त्र स्थापना गरी सबभन्दा सङ्कटासन्न समुदायमा केन्द्रित कार्यक्रम | नभएको | विमा संयञ्त्रको सुरुवात भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ९ | विपद् घटनापछिको वित्तीय पुनर्लाभ संयन्त्रको विकास गर्न वीमा कम्पनीसँग समन्वय बैठक आयोजना गर्ने । | नभएको | वित्तिय पुनर्लाभ संयञ्त्र तयार भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १० | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र पुनर्निर्माणको लागि उचित बजेट विनियोजन गर्ने | भएको | पुननिर्माणको बजेट बृद्धि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| ११ | निजी क्षेत्रलाई समेत संलग्न गराउँदै तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न बाह्य लगानी स्रोत बढाउने । सङ्कटासन्न समुदायलाई समेट्न जोखिम हस्तान्तरण संयन्त्र सुरु गर्ने तथा जोखिम स्थानन्तरण सम्वन्धि निति बनाउने । | भएको | सङ्कटासन्न समुदायलाई समेट्न जोखिम स्थानन्तरण निति तय भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १२ | वीरेन्द्रनगर नगरपालिकाको वडा बस्तिको धरधुरीको व्यावसायिक कवल,उधोग,पसल,सडकको पहुच, आदिको तथ्यांक संकलन गर्ने । | नभएको | वडा स्तरको तथ्यांक संकलन भएको । | दिर्घकालिन | नपा | नपा,निजि क्षेत्र |

| क.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १३ | निजिक्षेत्र संग समन्वय तथा साझेदारी गर्ने, कल्स्टरलाई जिम्मेवारी वहन गराउनको लागी ऐन संसोधनको लागी कार्यपालीकामा संसोधन प्रश्ताव पेश गर्ने । | छलफल भएको | निजि क्षेत्रसंग समन्वय गर्ने ऐन तयार भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |
| १४ | निजी क्षेत्रको उत्थानशील व्यवशाय सञ्चालन, ब्यवशाय तर्जुमा, ब्यवशाय निरन्तरता योजना तयारी वा वितीय जोखिम न्युनिकरण सम्वन्धि बूट क्याम्प, गोष्ठि आयोजना गर्ने । | नभएको | निजी क्षेत्रको सहभागीतामा बूट क्याम्प भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,निजि क्षेत्र |

## ५.१.४. प्राथमिकता प्राप्त कार्यक्षेत्र ४ : विपद् पूर्व तयारी :

यस प्राथमिकता प्राप्त क्षेत्रले प्रभावकारी प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी र जोखिम न्यूनीकरण सहितको पुनर्स्थापना तथा पुनर्निमाणलाई समेट्दछ । विपद् प्रतिकार्यका लागि आवश्यक कार्यविधि, खोज उद्दार तथा राहत सामग्रीहरुको पर्याप्त पूर्वतयारी, खोज उद्दार टोलीको क्षमता विकास, बहु(प्रकोपमा आधारित पूर्व सूचना प्रणालीको विकास र समुदायको पहुँच, संचार संयन्त्र तथा सूचना संप्रेसणको विधि, प्रणाली र माध्यमको सुदृढीकरण, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका गतिविधिहरुको प्रवर्धन र सामुदायिक क्षमता विकास जस्ता प्राथमिकता प्राप्त कार्यहरु यसमा पर्दछन् । विपद् पश्चातको प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माण तथा पुनर्लाभका गतिविधिहरुमा बहु(प्रकोप जोखिमलाई ख्याल गरि अझ बलियो र सबै प्रकारको जोखिमबाट सुरक्षित निर्माणका लागि आवश्यक रणनीतिक क्रियाकलापहरुलाई समेटेर निम्नअनुसार प्राथमिकता प्राप्त कार्यहरु र रणनीतिक क्रियाकलापहरु निर्धारण गरीएको छ ।

**प्राथमिकता प्राप्त कार्यहरु :**

५.१.४.१.विपद् पुर्व तयारी एवं प्रतिकार्य योजना

५.१.४.२.बहुप्रकोप सुचना प्रणालिको विकास

५.१.४.३. खोज तथा उद्दार , बहु आयामिक कार्यदल र क्षमता वृद्धि

५.१.४.४.समुदाय केन्द्रीत विपद् व्यवस्थापन कार्यक्रम

५.१.४.५.संचार सामग्री र प्रसारणमा सुधार

५.१.४.६.पुनर्लाभ, पुनस्थापना र पुननिर्माणमा अझ बलियो र राम्रो पुननिर्माण निर्माण अवधारणा प्रवर्धन

## ५.१.४.१.विपद् पुर्व तयारी एवं प्रतिकार्य योजना :

वीरेन्द्रनगर नगरपालिकामा नवनिर्वाचित सदस्यहरु समितिलाई बदलिदो समय अनुकुल विपद् संग सम्वन्धित नया नयाँ प्रवर्धनहरु आएका छन तसर्थ विपद् पूर्वतयारीका लागि नगरपालिकामा संस्थागत व्यवस्था र क्षमता विकास गर्न आवश्यक छ । नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा अध्यावधि गर्न, आपत्कालीन कार्य संचालन केन्द्र व्यवस्थापन गर्न, सुदृढीकरण, भण्डारण गृहहरुको स्थापना र खोज, उद्दार तथा राहत सामग्रीको पर्याप्त भण्डारण गरि विपद् पूर्व तयारीको सुदृढीकरणको लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने र अध्यावधि गर्ने | डिपिआर पि तयार भएको | प्रत्येक वर्ष अध्यावधि भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| २ | आपतकालीन कार्य संचालन केन्द्रलाई व्यवस्थित र सक्रिय रुपमा परीचालन गर्ने । | ईओसि स्थापना भएको | आपतकालिन कार्यसञ्चालन केन्द्र सक्रिय भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ३ | नगरपालिका अन्तर्गतका प्रत्येक सार्वजानिक तथा नीजि विद्यालयहरुको विपद् सुरक्षा योजना तथा तयारी गर्ने सहजिकरण गर्ने । | नभएको | विद्यालयहरुको विपद् व्यवस्थापन पूर्व तयारी योजना तर्जुमा र लागु भएका | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ४ | विपद् प्रभावित र उपयुक्त स्थानहरुमा मानव तथा पशु पंक्षिहरुको लागि आकस्मिक आश्रयस्थलको निर्माण र व्यवस्थापन गर्ने । | गौशाला निर्माण भएको | आपतकालीन समयको लागि खुल्ला क्षेत्र पहिचान र आश्रयस्थल निर्माण भएको हुनेछ | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ५ | नगरपालिकाले खाध्य सामाग्री, कपडा, औषधिको व्यवस्थापनको लागी उधोगि, व्यापारी संग समन्वय गरी सम्झौता गरी कार्यन्वयन गर्ने । | नभएको | सामग्रीहरुको व्यापारीहरु संग सम्झौता भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ६ | स्थानीय तहका भण्डारण गृहहरुमा महिला,सुत्केरी,बालबालिका,बृद्धबृद्धा, अपाङ्गता भएका तथा विरामीका विशेष आवश्यकता पूरा हुने गरी खाद्यान्न, औषधि, सरसफाइका सामाग्री तथा उपकरणहरु व्यवस्थापनको लागी उधोगि, व्यापारी संग समन्वय गरी सम्झौता गरी कार्यन्वयन गर्ने । | नभएको | सामग्रीहरुको व्यापारीहरु संग सम्झौता भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ७ | बाल-बालिका, महिला, सुत्केरी, वृद्ध, अपाङ्ग तथा विरामीहरुको लागि विशेष आवश्यक सामाग्रीको व्यवस्थापनको लागी उधोगि, व्यापारी संग समन्वय गरी सम्झौता गरी कार्यन्वयन गर्ने । | नभएको | सामग्रीहरुको व्यापारीहरु संग सम्झौता भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| ९ | नगरपालिकाको सवै घरहरुमा सामुदायिक भवनहरुमा सहलियत सहितको फाईर स्टुंगुसर राख्ने र प्रयोग गर्नै तरीका सिकाउने । | नभएको | सवै घरहरुले फाईस्टुगुसर राखेको अवस्था | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| १० | सम्भावित विपद् प्रभावितहरुको तत्काल उद्धारकार्यका लागि आवश्यक पर्ने एम्बुलेन्स, डोजर, दमकल, स्ट्रेचर, डुङ्गाहरु, लाईफ ज्याकेट, गल, कोदालो गैची,बेल्चा, उडकटर, तथा सामाग्रीहरुको पर्याप्त मात्रामा तयारी , भण्डारण वा निश्चितता गर्ने । | भैरहेको | आपतकालीन समयमा विशेष आवश्यकता सम्बोधनको सुनिश्चितता भएको | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |

| क्र.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ११ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाको आधारमा नगरपालिकाले गर्ने प्रतिकार्यको लागि स्तरीय कार्यविधि (Standard of Procedures) तयार गर्ने । | भएको | नगरपालिकामा प्रतिकार्यको लागि स्तरीय कार्यविधि तयार भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| १२ | जोखिम संवेदनशिल बहुप्रकोपिय नक्सांकन प्रतिवेदनले पहिचान गरेका खुला क्षेत्रलाई आपत्कालीन अस्थायी आश्रयस्थलको लागि नगरमा अस्थायी आश्रयस्थल निर्माण गर्ने । | नक्सांकन भएको | आपत्कालीन अस्थायी आश्रयस्थल तयार भएका | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |
| १३ | बहुप्रकोपिय नक्सांकनबाट पहिचान गरेका प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा आपत्कालीन निकासी मार्ग (Evacuation Route) र आपत्कालीन भेला हुने स्थान (Assembly Point) का आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने । | नक्सांकन भएको | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको । | अल्पकालिन, दिर्घकालिन | नपा, | नपा, साझेदार |

## ५.१.४.२.बहुप्रकोप सुचना प्रणालिको विकास

बहु(प्रकोप जोखिम आँकलन र पूर्वानुमान पद्धतिको सुदृढीकरण गरि पूर्व सूचना प्रणालीसँग जोडेर यसको विकास र विस्तार गर्न आवश्यक छ । विपद् पूर्व सूचनामा जोखिममा रहेका समुदाय र समूहको पहुँच स्थापित गर्नु पर्दछ । प्रभावकारी प्रतिकार्यका लागि कार्य संचालन प्रक्रिया र विधि तर्जुमा गर्नु पर्दछ । यसका लागि देहाय अनुसारका रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क्र.सं | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका भित्रका प्रमुख जलाधारहरु भेरी नदी तथा निकास खोलाको बाढीको जोखिममा रहेका क्षेत्रमा पूर्व सूचना प्रणालीको स्थापना तथा सुदृढीकरण गर्ने | भैरहेको | प्रमुख नदी तथा खोला बेसीनमा पूर्व सूचना प्रणालीको विकास भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| २ | जेखिम संवेदनशिल भुउपयोग योजनामा पहिचान गरीएका बहुप्रकोप तथा प्रमुख प्रकोपहरुको तथ्याङ्क पुन विष्लेषण र पूर्वानुमान गरि प्रकोप क्यलेण्डरको आधारमा पूर्व सूचनामूलक सन्देशहरुको उत्पादन तथा प्रसारण गर्ने | तथ्यांक रहेको | पूर्व सूचनामूलक सन्देशहरु उत्पादन र प्रसारण भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ३ | स्थानीय ज्ञान, सीप, अनुभव र परम्परागत राम्रा अभ्यासलाई विपद् पूर्व सूचनाको रुपमा सदुपयोग गर्ने | भैरहेको | पूर्व सूचनामा परंपरागत ज्ञान र अनुभवलाई समेटिएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ४ | जल तथा मौसम मापन केन्द्र र स्थानीय संचार माध्यमसँगको समन्वयमा जोखिममा रहेका समुदायको पूर्व सूचनामा पहुँच हुने संरचना र विधि तयार गर्ने । | भैरहेको | संकटासन्न समुदायको पूर्व सूचनामा पहुँच भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |

| क.सं | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ५ | सबै सार्वजनिक भवनहरु, शिक्षण संस्थाहरु, अस्पतालहरु तथा व्यावसायिक भवनहरुमा "स्मोक डिटेक्टर" र आगलागी नियन्त्रणका उपकरण जडान गर्ने साथै फाईर स्टुगुरसर र फाईरवलको व्यवस्थापन गर्ने | नभएको | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ६ | पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धी तालिम तथा शैक्षिक कार्यक्रमको पाठ्यक्रममा समावेश गर्ने | नभएको | पूर्व सूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ७ | विपद् पूर्व सूचनामा जोखिममा रहेका महिला, बालबालिका, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति तथा संकटासन्न समुदायको पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने । | नभएको | पूर्व सूचना प्रणाली समावेशी भएको हुनेछ । | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ८ | विपद् प्रभावित जोखिम क्षेत्रहरुमा विपद् सामुदायिक सूचना केन्द्रको स्थापना गर्ने | प्रचनलन नरहेको | स्थापना भएका हुनेछन | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ९ | आमसञ्चार, स्थानीय र आधुनिक सूचना प्रविधिलाई विपद् जोखिम सचेतना वृद्धिअभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत र कार्यक्रम तहको साझेदारी विकास गर्ने | नभएको | विपद् जोखिमको जानकारी र पूर्वसूचनामा प्रविधिको प्रयोग भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| १० | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुनकोलागि विपद् जोखिम न्यूनीकरण पोर्टलमा सूचना राख्ने काम नियमिता गर्ने | नभएको | विपद् सूचना व्यवस्थित भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ११ | विपद् पश्चात्को आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत लेखाजोखा प्रणाली विकास गर्ने । | नभएको | विपद्बाट भएको क्षतिको विवरण तत्काल उपलब्ध भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| १२ | नगरपालिकाले आगलागी व्यवस्थापनमा कर्मचारीहरुको आवस्यक्ता अनुसार मानवश्रोत बनाई सुरक्षाको मापदण्ड सहित व्यवस्थापन र परीचालन गर्ने । | पिपिइ सेट नभएको, २४ घण्टा काम गर्नु पर्ने | आगलागी व्यवस्थापनमा सहजता भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |

## ५.१.४.३. खोज तथा उद्दार , बहु आयामिक कार्यदल र क्षमता वृद्धि

खोज उद्दार कार्य प्राथमिक रुपमा सुरक्षा निकायको जिम्मेवारी अन्तर्गतको विषय भएता पनि सबै ठाउँमा विपद्को समयमा तत्काल सुरक्षा निकाय पुग्न सम्भव हुँदैन । यसर्थ समुदाय तहमा स्वयंसेवकहरुको प्रथम उद्दारकर्ता टोली तयार गरि क्षमता विकास गर्नु पर्दछ । त्यसैगरि समुदाय तहमा आवश्यक खोज उद्दार सामग्रीको प्रबन्ध गर्नुपर्ने हुन्छ । यसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | आपत्कालीन कार्य सञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधिले प्रावधान गरेको प्रावधान अनुरुप बाढि तथा पहिरो डुवान लाई उद्धार टोलि बनाई तालिम दिई परीचालन गर्ने । | नक्सांकन भएको | उद्धार टोलि बनाई तालिम प्राप्त गरी परीचालन भएको । | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| २ | आगलागी नियन्त्रणका लागि सामुदायिक खोज तथा उद्धार कार्यदलको क्षमता विकासका लागि तालिम दिने | कार्यदल गठन नभएको | खोज तथा उद्धार टोलीको आगलागी नियन्त्रण सम्बन्धी क्षमता विकास भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ३ | नगरपालिकाकाको आगलागी व्यवस्थापनको लागी कर्मचारी, दमकल स्थल, लगाएतको उपयुक्त व्यवस्थापन गर्ने । | भैरहेको | तलिम प्राप्त फाइर फाईटरहरु र दमकल सहित व्यस्थापन भएको | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ४ | नगरपालिकाका सबै वडामा समुदायमा आधारित खोज र उद्धार कार्यदल गठन गरि तालिम दिएर प्रथम उद्धारकहरु (First Responders) तयार गर्ने | नभएको | वडा तहमा प्रथम उद्धारकको टोली गठन भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ५ | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गरि स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरि उनीहरुको क्षमता अभिबृद्धि गर्ने | नभएको | समुदाय तहमा प्राथमिक उपचार उपलब्ध भएको हुनेछ | दिर्घकालिन र निरन्तर | नपा | नपा,साझेदारहरु |
| ६ | आगलागी नियन्त्रणका लागि समुदायका खोज तथा उद्धार टोलीको स्रोत साधन र तालिम मार्फत क्षमता विकास गर्ने । | गरीएको | खोज उद्धार टोलीको आगलागी नियन्त्रण क्षमता बृद्धि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ७ | नगर क्षेत्रका प्रमुख प्रकोपहरु (भूकम्प, बाढी, आगलागी र सडक दुर्घटना) को लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास नियमित संचालन गर्ने | नभएको | प्रतिकार्य तथा पूर्वतयारी प्रभावकारी भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ८ | खोज, उद्धार र राहतको क्रममा महिला, बालबालिका, बृद्धबृद्धा तथा अपांगता भएका व्यक्तिहरुको सुरक्षा, संरक्षण र फरक आवश्यकताको लागि विशेष व्यवस्था गर्ने । | नभएको | आपत्कालीन अवस्थामा जोखिममा रहेको समूहको संरक्षण भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ९ | आपतकालीन कार्य संचालन केन्द्रहरुको कार्य संचालन कार्यविधि सम्बन्धमा सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने | भएको | विपद् आएको बेला कार्यान्व्यिन तथा परिचालहुन सजिलो हुनेछ । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| १० | नगरपालिका क्षेत्रका प्रमुख प्रकोपहरु ( भूकम्प, बाढी, कटान, सडक दुर्घटना, आगलागी, महामारी) को लागि परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास नियमित रुपमा सञ्चालन गर्ने | फाटफुट रुपमा भइरहेको | प्रतिकार्यका लागि पूर्वतयारी व्यवस्थित र प्रभावकारी भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |

| क.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ११ | राहत संकलन र परिचालनमा एकद्धार प्रणाली अबलम्बन गर्ने । | गर्दै आइरहेको | विपद् प्रतिकार्यमा दोहोरोपना हटी एकरुपता तथा पारदर्शीता कायम भएको हुनेछ । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| १२ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको सम्वन्धि वडा,टोल समुदाय स्तरमा अभिमुखिकरण गर्ने | नभएको | टोल तथा समुदाय स्तरमा विपद् जोखिम न्युनिकरण सम्वन्धि अभिमुखिकरण भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |

## ५.१.४.४.समुदाय केन्द्रीत विपद् व्यवस्थापन कार्यक्रम :

विपद्को समयमा प्रारम्भिक प्रतिकार्यकर्ता समुदाय नै हो । समुदायमा आधारित संस्थाहरुलाई विपद् जोखिमको अवस्था आँकलन तथा स्थानीय जोखिम न्यूनीकरण योजना निर्माणमा सहभागि गराई विपद् सम्बन्धी ज्ञान र सूचना संवाहकको रुपमा विकास गर्नु पर्दछ । सामुदायिक संस्थाहरुको विकास, विस्तार र संजालीकरणले समुदायको क्षमता अभिबृद्धि हुन्छ । जसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ ।

| क.सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरुको स्थापना, विकास र सञ्जालिकरण गर्ने | नभएको | समुदायमा प्रभावकारी रुपमा विपद् व्यवस्थापनमा सहयोग पुग्नेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| २ | स्थानीय स्तरमा हरेक प्रकोपका लागि समुदायमा आधारित पूर्व(सूचना प्रणालीको विकास गर्ने | नभएको | विपद्बाट हुनसक्ने क्षति कम गर्न सहयोग पुग्नेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ३ | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर सरकारी संस्थाहरु, स्थायी प्रकृतिका उपभोक्ता समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने । | नभएको | विपद् जोखिम व्यवस्थापनमा सबै स्थानीय सरोकारवालाहरुको सहभागिता भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ४ | समुदायमा विपद् पूर्व अभ्यास कार्यक्रम गरी विपद् प्रतिकार्यमा दक्ष बनाउने | खासै प्रचलन नरहेको | समूदाय र समूहहरु विपद प्रतिकार्यका लागि दक्ष भएका | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |

## ५.१.४.५.संचार सामग्री र प्रसारणमा सुधार

आम सञ्चार तथा सूचना प्रविधिको विकासलाई विपद् पूर्व सूचना, पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रुपमा प्रयोग गर्ने संयन्त्र र विधिको विकास गरि विभिन्न माध्यमहरु मार्फत विपद् सूचनामा जोखिममा रहेका समुदायको पहुँच बढाउन आवश्यक छ। जसका लागि निम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र.सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् प्रभावित जोखिम क्षेत्रहरुमा विपद् सामुदायिक सूचना केन्द्रको स्थापना गर्ने | नभएको | स्थापना भएका। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| २ | आमसञ्चार, स्थानीय र आधुनिक सूचना प्रविधिलाई विपद् जोखिम सचेतना वृद्धिअभिवृद्धि र पूर्वसूचना प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत र कार्यक्रम तहको साझेदारी विकास गर्ने | नभएको | विपद् जोखिमको जानकारी र पूर्वसूचनामा प्रविधिको प्रयोग भएको। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ३ | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुनकोलागि विपद् जोखिम न्यूनीकरण पोर्टलमा सूचना राख्ने काम नियमिता गर्ने | संस्थागत विकास नभएको | विपद् सूचना व्यवस्थित भएको | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ४ | विपद् पश्चात्को आवश्यकताको लेखाजोखाको लागि आधुनिक सूचना प्रविधिको उपयोग गरेर द्रुत लेखाजोखा प्रणाली विकास गर्ने | | विपद्बाट भएको क्षतिको विवरण तत्काल उपलब्ध भएको | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ५ | संकटासन्न समूह तथा फरक क्षमता भएका, दृष्टिबिहिन, बहिरा तथा निराक्षरको लागि विशेष प्रकारका संचार तथा प्रसार सामग्री, विधि र माध्यमको प्रयोग गर्ने | नभएको | विपद् सूचनामा समावेसी पहुँच बृद्धि भएको | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ६ | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरि विपद् जोखिम न्यूनीकरण वेभ पोर्टल विकास गरि संचालन गर्ने | छलफल भएको | विपद् सूचना व्यवस्थित भएको | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |

## ५.१.४.६.पुनर्लाभ, पुनस्थापना र पुननिर्माणमा अझ बलियो र राम्रो पुननिर्माण निर्माण अवधारणा प्रवर्धन

आम सञ्चार तथा सूचना प्रविधिको विकासलाई विपद् पूर्व सूचना, पूर्वतयारी र प्रतिकार्यमा व्यवस्थित रुपमा प्रयोग गर्ने संयन्त्र र विधिको विकास गरि विभिन्न माध्यमहरु dfkm्त विपद् सूचनामा जोखिममा रहेका समुदायको पहुँच बढाउन आवश्यक छ। हाल भैरहेको मौजुदा अवस्थालाई अझ बलियो र राम्रो पुननिर्माण गर्नको लागी जोखि संवेदनशिल भुउपयोग योजनाले पहिचान गरेका क्रियाकलापलाहरुलाई रणनितिक रुपमा कार्यन्वययन गर्न नम्नानुसार रणनीतिक क्रियाकलापहरु निर्धारण गरिएको छ।

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | विपद् पछिको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा सम्भावित बहु(प्रकोप जोखिमबाट सुरक्षित र बलियो निर्माणका लागि निर्देशिका तयार गर्ने | नभएको | निर्देशिका तयार भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ३ | पुनर्स्थापना र पुनर्निर्माणमा स्थानीय स्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने | नभएको | पुननिर्माण कार्य मितव्ययी र दिगो भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ४ | अझ बलियो राम्रो र सुरक्षित पुनर्निर्माणका लागि प्राविधिक जनशक्ति, निर्माणकमी, डकमी, सिकमी, र आपूर्तिकर्ताको तालिम र चेतनामूलक कार्यक्रम मार्फत क्षमता अभिबृद्धि गर्ने | नभएको | सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिबृद्धि भएको [illegible] | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ५ | नगरपालिकाको जोखिम संवेदनशिल भू उपयोग योजना, निति तथा भौतिक योजना तथा भौतिक योजना मापदण्डको आधारलाई आधार मानि जमिनको वर्गीकरण गरि उच्च जोखिमयुक्त क्षेत्रमा वस्ती विकास तथा ठूला संरचना निर्माण र उद्योग खोल्न निषेध गर्ने। | नभएको | विपद्का कारण हुने क्षति न्यूनीकरण भएको हुनेछ | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ६ | जोखिम संवेदनशील भू(उपयोग योजना तथा बहुप्रकोप जोखिम लेखाजोखाको आधारमा विपद्बाट विस्थापित तथा उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेको समुदायलाई कम जोखिमयुक्त क्षेत्रमा स्थानान्तरण गर्ने। | नभएको | उच्च जोखिम युक्त क्षेत्रका समुदाय विपद्बाट सुरक्षित भएका | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ७ | विपद् पश्चातको पुनर्निर्माण तथा जोखिमयुक्त वस्ती सार्दा भौतिक पूर्वाधारहरुको योजना सहित बहु(प्रकोपबाट सुरक्षित एकिकृत वस्ती विकास गर्ने। | नभएको | योजनाबद्ध र सुरक्षित वस्तीको विकास हुनेछ। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ८ | नगरपालिकाका साघुरा बाटाहरुलाई मापदण्ड पुरा गरी कम्तिमा दमकल लाई आवत जावत गर्न मिल्ने बनाउने। | केहि बाटाहरु बांकी | दमकलको आवतजावतमा सहज भएको। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| ९ | वीरेन्द्रनगर बडान १ बांगेसिमल क्षेत्रमा बाढि तथा कटान नियन्त्रणका लागी तटबन्धन गर्ने तथ भिरालो जमिनलाई पहिरो नियन्त्रणको लागी बास तथा घास र बायोइन्जिनियरिग गर्ने। | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |
| १० | वीरेन्द्रनगर बडान १ आपडालि क्षेत्रमा पुर्वसुचना प्रणालि व्यवस्थगापन गर्ने साथै बाढिको कटान नियन्त्रणका लागी तटबन्धन र हरीयालि प्रवर्धन गने | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको। | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझेदारहरु |

| क्र. सं. | रणनीतिक क्रियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| ११ | वीरेन्द्रनगर वडान २ स्थित भातेकुना, फलाटे, भुरेलि, ठौरी,दौलतपुर कम्पनिखोला डुवान, निकास खोला क्षेत्रमा डुवान नियन्त्रण गर्नको लागी नालाको व्यवस्थापन, वाटर रिटेन्सन पोखरीहरु बनाउने र बाढि तथा कटान नियन्त्रणका लागी तटबन्धन र बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १२ | नगरपालिका वडा न.२ फलाटे खोलामा  कारीडोर तटबन्धन तथा बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १३ | वीरेन्द्रनगर वडान ३ अन्तरगत, ऐरीचोक,गण्डकि लाईन, इटौरा, तल्लो तातापानी, सरस्वति टोल, सुकुम्वासि टोल लगाएतका क्षेत्रमा व्यवस्थित नाला व्यवस्थापन, तटबन्धन तथा  बाढिको कटान नियन्त्रणका लागी तटबन्धन र हरीयालि प्रवर्धन गने | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १४ | वीरेन्द्रन्द्रनगर वडा ४ स्थित सहिद पार्क,खोर्के खोला, जिरो डयाम,गुनापानी,कालागाँउ टोल मा तथा कटान नियन्त्रणका लागी तटबन्धन गर्ने बास तथा घास लगाउने र बायोइन्जिनियरिग गर्ने । | सुरुवात भएको | जमिनमा पानि संकलन भई सुरक्षित बातावरण तयार भएको | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १५ | वीरेन्द्रन्द्रनगर वडा ५ स्थित  भुते पोखरी,खोर्के श्रीनगर लगाएतका बाढि नियन्त्रणका लागी तटबन्धन बास तथा घास सहित बायोइन्जिनियरिग गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १६ | वीरेन्द्रन्द्रनगर वडा ६ स्थित विरेन्द्रचोक, माथिल्लो ऐरीचोक क्षेत्रमा नाला व्यवस्थापन, खोर्केखोलामा तटबन्धन गरी हरीयाली प्रवर्धन गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १७ | वीरेन्द्रन्द्रनगर वडा ७ दैलेख रोडमा सगरामाथा टोलमा नाला व्यवस्थापन तथा जमिन मा सिञ्चित गरी हरीयाली प्रवर्धन गर्ने साथै दैलेख रोडमा पहिरोलाई नियन्त्रण गर्ने तटबन्धन गर्ने तथा भिरालो जमिनलाई पहिरो नियन्त्रणको लागी बास तथा घास र बायोइन्जिनियरिग गर्ने । | सुरुवात भएको | तटबन्धन लाई सुरक्षित बातावरण तयार भएको र जमिनमा पानि संकलनकेन्द्र भै पानि पोखरी भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १८ | वीरेन्द्रन्द्रनगर वडा ८ स्थित पंगेनि चोक,ऐरपार्ट औधोगिक क्षेत्रमा नाला खोलामा  तटबन्धन गर्ने र हरीयाली प्रवर्धन गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| १९ | वीरेन्द्रनगर वडान ९ अन्तरगत इटौरा, प्रसेनी,गोग्रेनी, क्षेत्रमा अत्यधिक डुवान क्षेत्र भएकोले पनि नाला व्यवस्थापन, तटबन्धन तथा बाढिको कटान नियन्त्रणका लागी तटबन्धन । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २० | वीरेन्द्रनगर वडान १० अन्तरगत बामेखोला, रहरपुर, खोलीगाँउ, मनिकापुर क्षेत्रमा डुबान तथा कटान हुने भएकोले नाला व्यवस्थापन, तटबन्धन लगाएत बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |

| क्र. सं. | रणनीतिक कियाकलापहरु (के, कहाँ) | हालको अवस्था | अपेक्षित उपलब्धिहरु | समयावधी | जिम्मेवार निकाय | सहयोगी |
|---|---|---|---|---|---|---|
| २१ | वीरेन्द्रनगर नगरपालिका वडा न १० स्थित भानपुर क्षेत्रमा बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा, साझे |
| २२ | वीरेन्द्रनगर वडान ११ अन्तरगत झुप्रा खोला, बसन्तपुर, गाग्रेताल क्षेत्रमा डुबान तथा कटान हुने भएकोले नाला व्यवस्थापन, तटबन्धन लगाएत बृक्षारोपण गर्ने । साथै ताउले दहमा पानिको श्रोत संरक्षण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा, साझेदार हरु |
| २३ | नगरपालिका वडा न. ११ नेवारे खोला गुप्तिपुर देखि नेवारे कोरीडोरमा तटबन्धन तथा बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २४ | नगरपालिका वडा न.११ धुलियाविट खोलामा,ढोलढुगाा , कारीडोर तटबन्धन तथा बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २५ | वीरेन्द्रनगर वडान १२ को बांघारी, इत्राम खोला, झाक्रि टोल अन्तरगत डुबान तथा कटान हुने भएकोले नाला व्यवस्थापन, तटबन्धन लगाएत | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २६ | वीरेन्द्रनगर वडान १३ को पारेगाँउ,झुप्रा लगाएतका क्षेत्रमा कटान हुने बाढिले क्षति पुरयाउने भएकोले पनि तटबन्धन लगाएत बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन सहित हरीयालि भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २७ | वीरेन्द्रनगर वडान १४ का गोठिकाँडा,दर्नाकोट,सालडाडा छेडा,सानो चन्दने, वडा न लगाएतका क्षेत्रमा भौगोलीक बनावट भएको र भिरालो जमिन भएकोले पनि पहिरो,ठुलो पहिरो जाने सक्ने भएकाले पहिरो नियन्त्रणका लागी कार्यहरु गर्ने साथै सुखाक्षेत्र भएकोले वाटर रीचार्ज प्रणालि अन्तरगत पोखरी बनाउने । तटबन्धन,बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन लाई सुरक्षित बातावरण तयार भएको र जमिनमा पानि संकलनकेन्द्र भै पानि पोखरी भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २८ | वडा न १५ का दमै टोल, लाउरे डांडा भिर,कमेरे,प्रगतिटोल, भालुखोला गाँउ,चुली लगाएतका क्षेत्रमा भौगोलीक बनावट भएको र भिरालो जमिन भएकोले पनि पहिरो,ठुलो पहिरो जाने सक्ने भएकाले पहिरो नियन्त्रणका लागी कार्यहरु गर्ने साथै सुखाक्षेत्र भएकोले वाटर रीचार्ज प्रणालि अन्तरगत पोखरी बनाउने । तटबन्धन,बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन लाई सुरक्षित बातावरण तयार भएको र जमिनमा पानि संकलनकेन्द्र भै पानि पोखरी भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |
| २९ | १६ को पोखरीपाटा , जुगेपानी लगाएतका क्षेत्रमा भौगोलीक बनावट भएको र भिरालो जमिन भएकोले पनि पहिरो,ठुलो पहिरो जाने सक्ने भएकाले पहिरो नियन्त्रणका लागी कार्यहरु गर्ने साथै सुखाक्षेत्र भएकोले वाटर रीचार्ज प्रणालि अन्तरगत पोखरी बनाउने । तटबन्धन,बृक्षारोपण गर्ने । | सुरुवात भएको | तटबन्धन लाई सुरक्षित बातावरण तयार भएको र जमिनमा पानि संकलनकेन्द्र भै पानि पोखरी भएको । | दिर्घकालिन, निरन्तर | नपा | नपा,साझे दारहरु |

# परीच्छेद : छ

# रणनीतिक कार्ययोजनाको कार्यान्वयन अनुगमन,समिक्षा र संसोधन

## ६.१ रणनीतिक कार्ययोजनाको कार्यान्वयन वित्तिय व्यवस्थापन :

वीरेन्द्रनगर नगरपालिकाले तयार गरेको विपद् जोखिम न्युनिकरण रणनितिक कार्ययोजना २०७९-२०३० लाई वित्तिय व्यवस्थापनको लागी विभिन्न श्रोतहरुको पहिचान गरी योजनाहरुको स्तरीकरण गरी प्रभावकारी रुपमा कार्यन्वययन गर्न निम्न प्रकारको योजना रहेको छ ।

- वीरेन्द्रनगर  नगरपालिकाको वार्षिक औपचारीक श्रोत बाँडफाँड प्रक्रिया ।
- नगरपालिकाको लागी विषयगत संघिय एव प्रदेश मन्त्रालय एव विभागका औपचारीक श्रोत बाँडफाँड प्रक्रिया ।
- नगरपालिकाको लागी केन्द्र वा प्रदेशवाट प्राप्त हुने आर्थिक सहयोग ।
- प्राकृतिक श्रोतसाधनहरू (वन, जल उपयोग, गिटी, बालुवा, बजार क्षेत्र आदि) बाट प्राप्त रोयल्टी
- विभिन्न विकास साझेदारहरु जस्तै द्विपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय ,मानवीय सहायतामा काम गर्ने निकाय, तयार नेपाल , रेडक्रस,बैक,सहकारीहरु,उधोग बाणिन्य सघ,उधोगी, व्यापारी, र अन्य दाता बाट प्राप्त हुने रकम र अन्य सहायतालाई यस कार्ययोजनाको कार्यान्वयनका लागि परिचालन गरिनेछ ।

## ६.२. नीति तथा रणनीतिक कार्य योजनाको कार्यान्वयन

यस नीति तथा रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, नगर विपद् जोखिम व्यवस्थापन ऐन, २०७६ तथा यस कार्ययोजनामा व्यवस्था भए बमोजिमको आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

नगरपालिकाको आवधिक र बार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवम कार्यान्वयनमा यस नीति  र रणनीतिक कार्ययोजनालाई मार्गदर्शकको रुपमा लिएर कार्यान्वयनको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

सार्वजनिक निकायहरु, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा यस रणनीतिक कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ ।

विकास साझेदार संस्थाहरुहरु (द्धिपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु र रेडक्रस अभियान) बाट प्राप्त हुने सहायतालाई यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि परिचालन गरिनेछ ।

निजी तथा व्यावसायिक क्षेत्रको व्यवसायिक सामाजिक उत्तरदायित्व र अन्य पहल मार्फत निजी क्षेत्रको सहभागिता र सहायता परिचालन गरिनेछ ।

## ६.३ अनुगमन, मूल्यङ्कन तथा प्रतिवेदन

नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिले अनुगमन ढाँचा तयार गरि यस नीति तथा रणनीतिक कार्ययोजनाको बार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरि नगर विपद् व्यवस्थापन समितिलाई प्रतिवेदन दिनेछ ।

यस रणनीतिक कार्यान्वयनको प्रगति अनुगमनको लागि ढाँचा तयार गरि मापन गरिनेछ र यसलाई विपद् व्यवस्थापन सूचना प्रणालीमा निरन्तर अद्यावधिक गरिनेछ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी भएका सम्पूर्ण कामको विवरण बार्षिक रुपमा अद्यावधिक गरि नगर विपद् प्रतिवेदन प्रकाशन गरिनेछ ।

## ६.४. समीक्षा तथा पुनरावलोकन

यस नीति तथा रणनीतिक कार्य योजनाको प्रत्येक दुई बर्षमा आवधिक समीक्षा, पाँच वर्षमा मध्यावधि समीक्षा र अन्त्यमा अन्तिम समीक्षा गरिनेछ भने यस रणनीतिक कार्ययोजनालाई आवश्यकता अनुसार पुनरावलोकन तथा संशोधन गर्न सकिनेछ ।

## सन्दर्भ सामग्रीहरु

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन  नियमावली, (२०७६) नेपाल सरकार, गृह मन्त्रालय,  काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३०: नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७३), गोरखा भूकम्प-२०७२ अनुभव र सिकाई नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७२), विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावलीस् नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, गृह मन्त्रालय (२०७६), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५): नेपाल सरकार, गृह मन्त्रालय,  काठमाण्डौ ।

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), स्थानीय सरकार संचालन ऐन २०७४: नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०१६), नेपाल दिगो विकास लक्ष्यहरुः वर्तमान अवस्था र भावी मार्गचित्र २०१६ ( २०२०: नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाण्डौ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (२०७६र०७७ (२०८०र२०८१) आधार पत्र: नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाण्डौ ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (२०७६), राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६: नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ।

नेपाल सरकार, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय (२०७१), राष्ट्रिय शिक्षा नीति २०७६: नेपाल सरकार, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, काठमाण्डौ ।

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७१), विपद् व्यवस्थापन दिग्दर्शनस् नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाण्डौ ।

वीरेन्द्रनगर नगरपालिका (२०७६), नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६: वीरेन्द्रनगर नगरपालिका वीरेन्द्रनगर, सुर्खेत।

वीरेन्द्रनगर नगरपालिका (२०७६), जोखिम संवेदनशिल भुउपयोग योजना २०७९सुर्खेत

वीरेन्द्रनगर नगरपालिका (२०७४), नगर स्तरीय जलवायु अनुकुलन योजनास् वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर, सुर्खेत ।

वीरेन्द्रनगर नगरपालिका (२०७५), नगर पाश्वचित्र २०७५स् वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर, सुर्खेत।

वीरेन्द्रनगर नगरपालिका (२०७६), आर्थिक बर्ष २०७६र०७७ को नीति कार्यक्रम तथा बजेटस् वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर, सुर्खेत ।

कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय (२०७६), आर्थिक बर्ष २०७६र०७७ को बजेट बक्तब्यस् प्रदेश सरकार, आर्थिक मामिला तथा कानून मन्त्रालय, सुर्खेत।

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७६), कर्णाली प्रदेश सरकारको २०७६र०७७ को नीति तथा कार्यक्रमस् प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०७६), तथ्याङ्कमा कर्णाली प्रदेशस् प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत।

संविधानसभा सचिवालय (२०७२), नेपालको संविधान २०७२ संविधानसभा सचिवालय, काठमाण्डौ।

Germanwatch (2017). Briefing Paper. Global Climate Risk Index 2017. Germanwatch, Bonn.

MOE (2010). Climate Change Vulnerability Mapping for Nepal. Government of Nepal, Ministry of Environment, Kathmandu.

MOHA (2019). National Position Paper on Disaster Risk Reduction and Management. Prepared for the Global Platform on Disaster Risk Reduction, May, 2019. Geneva, Switzerland.

MOHA (2017). National Disaster Report 2017. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.

MOHA (2015). National Disaster Report 2015. Government of Nepal, Ministry of Home Affairs, Kathmandu.

NPC (2015). Nepal Earthquake 2015. Post Disaster Need Assessment. Vol. A: Key Findings. Government of Nepal, National Planning Commission, Kathmandu.

NPC (2015). Nepal Flood 2017. Post Flood Recovery Need Assessment. Government of Nepal, National Planning Commission, Kathmandu.

NPC (2018). Nepal Multidimentional Poverty Index 2018. Government of Nepal, National Planning Commission, Kathmandu.

UN (2015). Sendai Framework for Disaster Risk Reduction 2015-2030. United Nations.

UN (2016). Report on the Open-Ended Intergovernmental Expert Working Group on Indicators and Terminology Relating to Disaster Risk Reduction. United Nations.

UN (2015). Peris Agreement. United Nations.

UN (2016). New Urban Agenda. United Nations.

**तयारी तथा प्रकाशनका लागि आर्थिक तथा प्राविधिक सहयोगः**

USAID
अमेरिकी जनताबाट